# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७७/०२/२१

छैटौं अधिवेशन

(आठौं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**
यस सभाको छैटौं अधिवेशनको आठौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय, डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउपालिका वडा नं. २ की २८ बर्षिया महिलाको हिजो राति क्वारेन्टाईनमा बसेकै अवस्थामा मृत्यु भएको खबर प्राप्त भएको छ र बिशेश गरि चाहि अस्थि पनि गन्यापधुरा गाउपालिकामा नै क्वारेन्टाईनमै बस्थिको नाबालकको हामिले प्राप्त खबर अनुसार कोरोनाको नेगेटिभ रिपोर्ट आएको खबर हामिलाई प्राप्त भएको छ भने हिजो पनि एउटा महिलाको अकस्मात मृत्यु भएको खबर प्राप्स भएको हुदा यस्तो अवस्थामा बिशेस गरि व्यवस्थपकिय हिसाबले अथवा त्यसलाई उपचारात्मक हिसाबले कुन हिसाबले व्यवस्थापनको आधारमा प्रदेश सरकारले हरेक ठाउमा क्वारेन्टाईनहरु व्यवस्थापन गर्ने सवालमा प्रदेश सरकारले पनि आफ्नो तर्फबाट गर्न त गरि राखेको ने छ तर पनि यस्तो खालको खबर हामिलाई सुन्दाखेरि दुख लाग्ने कुरा स्वाभाविकै हुन्छ त्यसैले यसमा प्रदेश सरकारको पनि ध्यानाकर्षण गर्न चाहान्छु साथै मृत अवस्थामा महिला र अर्को बालक पनि हुनुहुन्छ उहाहरुको सवैलाई हार्दिक श्रदान्जलि अर्पण गर्दै शोकाकुल परिवारप्रति हास्दिक समवेदना अर्पण गर्न चाहान्छु साथै डडेल्धुरा जिल्लामा हाल अहिले तत्काल सम्म हामिले रिपोट बिज्दै गर्दाखेरि ४२,०० जना क्वारेन्टाईनमा बसेको अवस्था हामिले सामान्तया बुज्न आयको छ स्वास्थ अन्तरगत हामिले ४२,०० जनाको रिपोट आयको छ भने ८०० जना जति त्यसको स्वाव परिक्षण गरि फर्कियको अवस्थआ पनि हामिले रिपोर्ट प्राप्त भएको छ अहिले तत्काल डडेल्धुरा जिल्लाको हकमा त्यहाको स्वास्थ्य कार्यालयको रिपोट अनुसार त्याहाको स्वास्थ्य कार्यालायको जानकारि अनुसार कम्तीमा पनि ३००० किटहरु आवश्यकता परेको र यसको सम्बन्धित हामीले ब्यवस्थापन गर्न नसक्ने अवस्थामा प्रदेश सरकारले त्याहाको स्वास्थ्य कार्यालयले प्रदेश सरकारलाई अनुरोध गरेको कुराहरु पनि मैले सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु धन्यवाद

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय, २० गते राति साढे ११ बजे गन्यापधुरा गाउपालिका वडा नं. २ निवासि २८ बर्षिया सविता बि.क. र आफ्नो श्रीमान्, एउटा ६ महिनाको छोरी र ढाई बर्षको छोरा सहित भारतबाट आई यहि डडेल्धुरा गाउपालिका वडा न १ को ८० ग्राम आधरभुत बिद्यालयमा देखि क्वारेन्टाईनमा हुनुहुन्थ्यो र हिजो राति साढे ११ बजे अचानक उहाको मृत्यु भयको छ यो घटना प्रति दुख ब्यक्त गर्न चाहान्छु र श्रदान्जलि ब्यक्त गर्न चाहान्छु उहाको आत्माले शान्ती पावस र उहाको ६ महिनाको छोरि र ढाई बर्षको छोरा रहेको व्यहोरा प्रदेश सरकारलाई जानकारि गराउन चाहान्छु त्यो परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहान्छु । र त्यो परिवार कम्तिमा त्यो ६ महिनाको छोरि र ढाई बर्षको छोरालाई कुनै न कुनै ढङ्गको राहत यो प्रदेश सरकारले देवस भनेर अनुरोध गर्न चाहान्छु । यसै गरिकन डडेल्धुराको आजको दिनसम्म क्वारेन्टाईनमा ५ हजार ४६ जना क्वारेन्टाईनमा रहेको अवस्थामा भिपियम, आरडिटि, र एन-९५ को अति आवश्यक रहेको ब्यहोरा सभामुख मार्फत यो सरकारलाई जानकारी गराउदै यथाशक्य जति सकिन्छ चाडो २ जना डडेल्धुराको क्वारेन्टाईनमा एकजना ८ बर्षको बच्चा र एकजना ६ बर्षको  ६ महिनाको छोरि लाई छोडेर १८ बर्षको महिलाको मृत्यु भएको छ यो घटना लाई मध्यनजर राखेर गम्भिरतापुर्वक प्रदेश सरकारले आवश्यक स्वास्थ्य सामाग्री पठाईदिनको लागि आग्रह सभामुख मार्फत गर्नचाहान्छु भने त्यसै गरिकन जिल्ला बिपत ब्यवस्थापन समितिले २ महिना ११ गते को दिन निर्णय गरिकन प्रदेश सरकारलाई एउटा आग्रह गरेको छ र त्यहाको प्रमुक जिल्ला अधिकारि ज्युले हाम्रो प्रदेशको माननीय मुख्यमन्त्री र सामाजिक बिकास मन्त्रिज्युलाई मुख्य सचिव र सहसचिव ज्युलाई निरन्तर आग्रह गरिराख्नु भएको छ हमिले पनि निर्न्त आग्र गरिराख्या छौ  त्याहाको जिल्ला बिपत  समितिले डडेल्धुरा अस्पताल त्याहाका पहाडि जिल्लाका ७ वटै जिल्लाका अन्य बिरामि हरु त्यहा निर्न्तर आईरहेको अवस्था भयको अनआ॥ त्यो जिल्ला बिपत समितिले डडेल्धुराको बागबजारमाअवस्थित जुन उद्योग बाणिज्य संगको हाता भित्र रहेको अपि सामुदायिक अस्पताललाई कोरोना अस्पतालको रुपमा स्थापना गर्ने र सञ्चालन गर्ने पुर्वतयारि सम्पुर्ण तयारि भैराखेको अवस्था जानकारि गराउदै माननीय सभामुख मार्फत प्रदेश सरकारले यथाशिघ्र यो नीतितथा कार्यक्रम आज बाट छलफल हुदै च यसमा पनि कोरोनाको लागि यथाशिघ्र कार्यक्रम भने र लेख्ने प्रयास भयको छ भने जिल्ला बिपत समितिले गरिसकेको अवस्थामा आवश्यक रकमको अभाव भएकोले म माननीय सभामुख मार्फत प्रदेश सरकारले यथाशिघ्र आजकै दिन देखि अपि सामुदायिक अस्पताल डडेल्धुरालाई कोरोना अस्पताल को रुपमा सञ्चालनको लागि चाहिने आवश्यक बजेटको व्यवस्था गरिदिनका लागि हार्दिक अनुरोध गर्दछु धन्यवाद

**माननीय दीर्घबहादुर सोडारी**

माननीय सभामुख महोदय, हामि हाम्रो सरकारले नीति तथा कार्यक्रम ल्याएको छ । हामि त्यो ढंगबाट अगाडि बढ्दै छौ तर कोरोनाले हाम्रो सुदुरपश्चिममा एकजना नाबालिक सहिद भैसक्नु भएको छ । मृत्यु भैसक्नु भएको छ । कोरोनासँग लडेको कारणले मैले सहिद शब्द प्रयोग गरिहाले उहाप्रति बाजुराको नाबालक प्रति हार्दिक श्रदासुमन ब्यक्त गर्न चाहान्छु । उहाको परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहान्छु र पछिल्लो चोटि खासगरि कैलालिमा ठुलो उत्पन्न गरिसकेको छ हामिले अब शिक्षा लिनुपर्ने अवस्थामात्रै छैन भने पछि कसरि सामना गर्ने यो भन्दा अगाडि हामिले के कार्य गरेका थिय खासगरि संसारका प्रदेशको सामजिक बिकास मन्त्रालय प्रदेश सरकार र स्थानीय तह हाम्रा दिर्घकालिन रुपलाई चुनौति दियको छ अस्ति मात्रै १९ गते गौरिगंगा नगरपालिका वडा न २ चौमाला स्थित मालिका मा बि मा पिसिआर टेष्ट गर्दा १२ जना आमा, बुबा, छोरा, छोरि सहित १२ जनालाई कोरोना पिसिआर पोजेटिभ देखियको छ तर बिडम्बना भन्नुपर्च यति धेरै नजिक छ ३५ कि लि मात्रै नजिक छ सेति प्रादेशिक अस्पताल ल्याउनाका निम्ति बस चालकलाई खोजेर उसले बसै बिगारेर हिड्यो एम्बुलेन्स चालक ले एम्बुलेन्स बिगारेर हिडे हामि बिडम्बना भन्नुपर्छ त्रिनगर भन्सारबाट हामि टिप्परमा मान्छेहरु गाउतिर लैजान्छौ कोरोना पोजेटिभ हरुलाई राति टिप्परमा हामि सेति प्रादेशिक अस्पताल ल्याउन पर्ने बाध्यता छ त्यो भन्दा बाहेक साधन भएका गुरुहरु पनि भागाभाग दौड्नुपरेको छ । यसरी प्रादेशिक अस्पताल र तिनिहरुको उपचार र शिघ्र स्वास्थ लाभको कामना गर्न चाहान्छु र थप फेरि हिजो गौरिगंगा ४ मा रहेका क्वारेन्टाईनमा रहेका हरुलाई माथिका कालिका मा बि का लाई चेक गर्दाखेरि ७ जना हरुलाई यो पोजेटिभ देखियको छ जब ति मान्छेहरुलाई हामिले राति सेति प्रादेशिक अस्पतालामा ल्यायौ त्यहा चाहि ईसोलेसन वेड २४ मात्र रहेछ त्यो पुरै फुलफिल भयछ अब २४ भन्दा बाहेक हामिले सरकारले हुनत अर्को अपताल बनाईरहेको छ त्यो भन्दा बढि क्षमता नभएको कारणले राति नै तिनिहरु लाई फेरि जहा बसेका छन त्यहा लैजानका नीम्ति लैजादा त्यो जहा क्वारेन्टाईन छ त्यो वरिपरिका मान्छेले पोजेटिभ मान्छेहरु भनेर त्यहाबाट लखेटा लेखेट सारा गाउलेहरु आयर सकारात्मक मान्छेहरुलाई लखेटे त्यसबाट पर यउटा धाकृष्ण मन्दिर मारफत जुन हाईवे देख्नसक्नुहुन्छ मसुरिया तिरबाट राजिपुर तिर आउदा त्यहा राख्दा खेरि त्यो राधा कृष्णमन्दिरका सरोकारावाले फेरि लखेटा लखेट गरेर तल बर्फङ सेन्टरमा लियर राति तिनको राखियो र सेति प्रादेशिक अस्पतलाले भर्ना लिन मानेन र आज मात्रै हामिले अनेक समन्वय गरेर अहिले भर्खरै महाकालि प्रादेशिक अस्पतालमा उहाहरुको ७ जनाको भर्खर भर्ना भयको छ महाकालि प्रादेशिक अस्पताललाई धन्यवाद दिन चाहान्छु र सवै खासगरि सेति प्रादेशिक अस्पताल महाकालि प्रादेशिक अस्पताल र हाम्रो सुदुरपश्चिम प्रदेशका अब कोरोना यति धेरै डडेलोजस्तो लागिसक्यो यसको व्यवस्थापन गर्नको लागि हामिले अब अस्पतालाहरु पाउने सम्भावना घटि सक्यो तत्काल

अस्पतालको संख्या बढाएर आईसोलेशन यो त्यति मात्रै छैन भोलि स्वास प्रस्वासको समष्याहुने थुप्रै समष्या हुने हो भने थप ब्यवस्था गर्नु पर्ने छ त्यो हामिले ब्यवस्था गरेनौ भने हामिले नयाँ ठुलो समष्या खडा गरिसक्ने छ त्यसै कारणले प्रदेश सरकारको गम्भिर ढङ्गले ध्यानाकर्षण गराउन चाहान्छु संघिय सरकार र स्थानिय सरकारहरुले पनि यता पट्टि जुन कोरोनाको संक्रमण बढिरहेको छ यसको व्यवस्तापनाक निम्ति सवै पक्ष लागौ यहि अनुरोध गर्छु धन्यवाद नमस्कार

**२. माननीय सदस्यहरू,**

अब म, मुख्यमन्त्री मा० त्रिलोचन भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम(१) बमोजिम प्रदेश सरकारको आ.ब.२०७७/०७८ को नीति तथा कार्यक्रमलाई टेबुल गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सरकारले आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तयारि पारि माननीय प्रदेश प्रमुखबाट यस सभाको सातौ बैठकमा भैसकेको व्यहोरा गरिमामय सभामा जानकारि गराउछु । नीति तथा कार्यक्रम माथि सभामा छलफल हुनुपुर्व प्रस्तुत नीति तथा कार्यक्रमलाई टेबुल गर्नुपर्ने कानुनि प्राबधान बमोजिम माननीय सभामुखको अनुमतिले प्रदेश सभा नियमावलि २०७४ को नियम १३६ को उपनियम १ बमोजिम प्रदेश सरकारको आ ब २०७७/०७८ को नीति तथा कार्यक्रम टेबुल गर्दछु धन्यवाद

**३. माननीय सदस्यहरू,**

"यस सभाको छैटौं अधिवेशनको सातौं बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा प्रदेश प्रमुख माननीय सर्मीला कुमारी पन्तज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

**४. माननीय सदस्यहरु,**

अब म धन्यवाद प्रस्तावका प्रस्तावक माननीय तारा लामा तामाङ्गलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय,यो प्रदेश सरकारको तर्फबाट नीति तथा कार्यक्रम प्रदेश प्रमुखज्युले पेश गर्नु भाकोले म पेश गर्न चाहान्छु यस सभाको छैटौ अधिवेशनको सातौ बैठकमा माननीय प्रदेश प्रमुखज्युबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयकोले उक्त सम्बोधनको लागि यो सभा प्रदेश प्रमुख माननीय शर्मिला कुमारि पन्तजीलाई धन्यवाद ज्ञापन गर्दछ भनि प्रदेश सभा नियमावलि २०७४ को नियम ३६ को उपनियम २ बमोजिम यो धन्यवादको प्रस्ताव पेश गर्दछु धन्यवाद

**५. माननीय सदस्यहरु,**

अब म माननीय तारा लामा तामाङ्गले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई समर्थन गर्न माननीय बिरमान चौधरी लाई समय दिन्छु ।

माननीय सभामुख महोदय, छैटौ अधिवेशनको सातौ वैठकमा सुदुरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रममा उपस्थित भै प्रदेश प्रमुख ले नीति कार्यक्रम प्रस्तुत गर्नु भएको र माननीय तारालामा तामाङज्यूले प्रस्तावक भै प्रदेश सभा नियमावलि २०७४ को नियम ३६ उपनियम २ मबमोजिमको धन्यवादलाई समर्थन गर्दछु धन्यवाद

६. **माननीय सदस्यहरु,**

अब म माननीय तारा लामा तामाङ्गले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "यस सभाको छैटौं अधिवेशनको सातौं बैठकमा माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भएकोले उक्त सम्बोधनका लागि यो सभा प्रदेश प्रमुख माननीयसर्मीला कुमारी पन्तज्यूलाई धन्यवाद ज्ञापन गर्दछ" भन्ने धन्यवादको प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

७. **माननीय सदस्यहरु,**

अब म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट लाई प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

८. **माननीय सदस्यहरु,**

अब म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट द्वारा प्रस्तुत गरिएको प्रदेश सरकारको आ.व.०७७।०७८ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सभामुख महोदय, प्रदेश सभाको नियमावलि २०७४ बमोजिम प्रदेश सरकारको आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भन्ने यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आ.व.०७७।०७८ को नीति तथा कार्यक्रम माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**९. माननीय सदस्यहरु,**

अब प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ ।

**सर्वप्रथम माननीय अक्कल बहादुर रावल लाई समय दिन्छु**

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम हाम्रो सदनमा त्यसको बारेमा हामि छलफलमा जुटिराखेका छौ निश्चित रुपमा पनि के कुरा पनि सत्य हो भने यो भन्दा अगाडि हामिले एउटा आंशिक बजेट तथा बार्षिक नीति तथा कार्यक्रम र २ वटा पुर्ण बजेट तथा बार्षिक नीति तथा कार्यक्रमहरु यसभन्दा पुर्व नै यस गरिमामय सदनमा हामिले छलफल गरिसकेका छौ । बहस गरिसकेका छौ र जसलाई हामि कार्य प्रकृयमा पनि अगाडि बढिराखेका छौ त्यसैले आर्थिक बर्ष २०७७/०७८ को जुन नीति तथा कार्यक्रम यस सदनमा प्रस्तुत भयको छ यसले हामि संघियतालाई आत्मनिर्भर अर्थतन्त्रको यउटा माध्ययको रुपमा प्रयोग गर्न सक्छौ र यसले बिगतका अवस्थामा पिछडिएको सुदुरपश्चिम क्षेत्रलाई हामि आर्थिक समृदको यात्रामा प्रबेश गराउनको निम्ति हामिसँग सिङ्गो सदन र विशेस गरि सुदुरपश्चिम सरकार सुदुरपश्चिमका ५३ जना माननीय हरु ८८ वटा स्थानीय पालिका र झण्डै २८ लाख जनसमुदायलाई यसले भाव समेटियको छ जस्तो मलाई लागिरहेको छ मैले यसो भनिरहदा त्यस्तो नया कुरा के आयो आज सिङ्गो सुदुरपश्चिम जुरुक्क उठ्ने भो भन्ने पो कुरा आयो भन्ने पनि पर्न सक्छ हो हामि भित्र थुप्रै समस्याहरु छन तर पनि हामि के कुरामा यकढिक्का भयका छौ भने सत्ता पक्ष होस प्रतिपक्ष हामि यस्तो भुगोलमा छौ त्यसले पनि हामिलाई यक ढिक्का बन्नाका निम्ति निर्देशित गर्छ जहा हामि यो सदनमा सङ्कल्त प्रस्ताव पनि ल्याउदै छौ सङ्कल्प प्रस्ताव दर्ता भयको अवस्था छ लिपुलेक र कालापानि हरु मिचियको अवस्थामा र बिभिन्न सिमाहरु बिभिन्न ढङ्गले परेको अवस्था हुदाहुदै पनि हामि त्यो सङ्कटका विचबाट पनि सुदुरपश्चिम जुरुक्कै उठ्न सक्छ भन्ने सन्देश हाम्रो सरकारले सुदुरपश्चिम प्रदेशले हामिले अन्य प्रदेशलाई पनि यउटा सिकायतको रुपमा यउटा पाठको रुपमा सन्देश दिनुपर्ने छ र अझै सिमामा दुईवटा हामि अझै यस्तो अवस्थामा छौ जहा बिसाल यउटा चिन छ र यउटा बिशाल भारत छ त्यसको बिचमा अत्यन्तै साम्रित भुगोलमा हाम्रो प्रदेश भयको नाताले पनि सुदुरपश्चिमलाई यउटा ठुलो बजार बनाउन सक्ने ठुलो हामिले आत्मानिर्भरताको लागि ठुलो यउटा प्रदेश बनाउन सक्ने आधार अझै छ त्यसैले गर्दा पनि यो नीतितथा कार्यक्रमले त्यता तिर निर्देशित गरिराखेको छ जस्तो मलाई लागि राखेको छ त्यसैले यो अवसरलाई हामि सुदुरपश्चिमको संघियतामा हामि प्रवेश गरिसकेपछि सम्भवत सुदुरपश्चिमले आफ्नै सरकार सुदुरपश्चिम प्रदेश सरकार र ८८ वटा स्थानिय तह प्राप्त गरेको छ हामि कुनै बेला सिँह बरवारका वरिपरि झोला लियर हिड्ने अवस्था आज धेरै हदसम्म अन्त्य भयको छ त्यो अवस्थमा पनि अरबौ बजेट सोजै यो संघियताको कारणले सँगसँगै आयको छ त्यसैले पनि यो नीतितथा कार्यक्रमको महत्व धेरै बढेर गयको छ र त्यहि अनुरुप नीति तथा कार्यक्रमद्धारा निर्देशित बजेटको महत्व पनि त्यतिकै बढेर गयको छ ।

सभामुख महोदय, त्यसैले पनि यो सदनमा अत्यन्तै छाति खोलेर आज हामि बहस गर्ने जुन ठाउमा छौ त्यो अवसर हामिलाई प्राप्त भयको छ त्यो त्यतिकै

प्राप्त भयको छैन हजारौ सहितहरु र तमाम घाईते अबस्थाहरु र ठुलो बाट यो ठाउमा हामि पुगेका छौ त्यसैले यो नीति तथा कार्यक्रम धेरै महत्वपुर्ण छ यद्यपी यसका केहि आफ्ना समस्या र जटिलताहरु कार्यान्वयनका जटिलताहरु हाम्रा विचमा देखेका छौ त्यसैले यकातिर कोभिड १९ को संकट सगसगै हामिसँग त्यो संकट बाट हाम्रो प्राप्त भयको यउटा अवसर संसारका बिकाशिल मुलुकहरु धेरै बिकसित मुलुकहरु हमिलाई थाहा छ । यउटा संकटको विचबाट अगाडि बढेका छन् । विश्व युद्धको चपेटाबाट अगाडि बढेका छन तपाई हामिलाई थाहा छ हिरोसिमा र नागासिमा को संकटलाई जापानले प्रास्त गर्यो जापनिज साम्राज्यबादको आक्रान्तलाई चिनले प्रास्त गर्यो दुनियाका सम्पुर्ण जो शक्तिशालि आजका राष्ट्रहरु छन तिनिहरुले संकट बिना आजको यो ठाउमा पुगेको ईतिहास हामिलाई थाहा छ त्यैशैले यो संकट कोभिड १९ सँगसँगै यसले पार्ने असर को सुवर्ण अबसर हामिलाई प्राप्त भयको छ यो आज तमाम युवाहरुले रोजगारि गुमायर दिनानुदिन हाम्रो सिमा नाकामा हजारौ युवाहरु स्वदेश फिर्ताहुनुपर्ने अवस्था छ त्यो लाई पनि यो नीति तथा कार्यक्रमले संबोधन गरेकोछ यद्दपि त्यसलाई मृत रुप कसरि दिने ति युवाहरुलाई कसरि हामिले आबद्ध गरायर लैजाने भन्ने प्रश्न अजै हाम्रा अगाडि छ तर पनि हामि ति युवाहरुलाई रोजगारि सिर्जना गर्ने अवसर हामिलाई प्राप्त भयको छ मलाई लाग्छ हामि त्यो बारेमा चिन्तित छ त्यसैले गर्दा तपाई हामि सवैलाई धेरै लाई थाहा छ कि बिदेशमा गयर दुख गरेर स्वदेश फर्केर कमाई ल्याउदाको पिडा कति हुन्छ भन्नको पिडा सँगसँगै कमाई ल्याउनको मात्रै होईन दुख समेत ब्यहोरेर कैयो हजारा युवहरा स्वदेशमा लाश फर्केको ईतिहास पनि छ त्यसकारणले तमाम कारणले गर्दा पनि अब युवाहरुलाई रोजगारि सिर्जना गर्ने युवाहरुले विदेशबाट प्राप्त गरेर ल्यायको सिपलाई क्षमतालाई जुन यो बजेटले सम्बोधन गरेको छ त्यो यकदमै महत्वपुर्ण छ यसले गर्दा मलाई लाग्छ यसका केहि सिमाहरु छन केहि कुराहरु सम्भव त यति बेलाको कोभिड १९ को कारण बजेट पनि खुम्चियर आयको अवस्था जसको कारणले धेरै कुराहरु सम्बोधन हुन नसकेको हुन सक्छ यद्दपि सम्बोदन गर्न पर्ने कुराहरु केहि अझै छुटेको भयको पनि हामीलाई महशुस हुन्छ जस्तो हामिले बिगत देखि लिदै आयको कुरा चिसापानि देखि जङ्गलगाढ हुदै हामिले अछाम जोड्ने सडक भनेर हामिले बिगतका दिनदेखि माग गर्दै आयको र केन्द्र सरकारसँग पनि बारबार हामिले घचघचाईराखेको केन्द्र सरकारले त हाम्रो कुरा सुनुवाई गरेको थियन हामिले पनि त्यसलाई सम्बोधन गर्न छुटाउदै आईरहेका छौ त्यसैले गर्दा यि कुराहरुमा आगामि बजेटमा हाम्रो सम्बोधन गर्ने प्रयत्न गर्नु पर्च भन्ने कुरा म राख्न चाहान्छु यसको साथसाथै युवाहरुलाई रोजगारि दिलाउने कुरा त नीति तथा कार्यक्रममा आयको छ तर रोजगारि कसरि सिर्जना गर्ने भन्ने कुरा मृत रुपमा अब आगामि बजेटमा र यसले अब अन्य नियम कानुन मा हामिले त्यलाई मृत गर्न जरुरि छ सहकारिको माध्यद्वारा अझै सहकारिको माध्यमद्वारा हजारौ युवाहरुलाई सयौ युवाहरुलाई उत्पादन यउटा दस्ताको रुपमा प्रयोग गरेर उनिहरुको सिप र क्षमताको आधारमा युवाहरुकलाई परिचालन

गर्ने हो भने बिभिन्न शिर्षकहरुमा बिभिन्न क्षेत्रहरुमा बिभिन्न कामहरुमा उनिहरुलाई परिचालन गर्ने हो भने हजारौ युवाहरुलाई हामिले परिचालन गर्न सक्छौ त्यसमा पनि हामिले यो बिशेस गरि श्रम सहाकारिको बिषय मैले छुटेको देखेको छु त्यसका साथसाथै अन्य धेरै कुराहरु आयका छन र अन्य बिगतका पनि धेरै कार्यक्रमहरु सुन्दर राम्रा अत्यन्तै प्रभावकारि आयका थिय कार्यान्वयन गर्ने कुरामा कार्यान्वयन गर्ने क्षमतामा हामिले बिकास गर्नुपर्ने देखिन्छ हामिले सवै कर्मचारि अब उम्किन पाउदैनौ कर्मचारिको अभावका कारणले गर्दा कोभिड को कारणले गर्दा बिभिन्न संकटको कारणले गर्दा हामिले कार्यान्वयन गर्न सकेनौ बन्ने कुराको जवाफ फेरि हमिलाई यो सदनमा सुन्न पर्ने झन्झेटको अन्त्य गर्नाका लागि पनि यो नीतितथा कार्यक्रम धेरै महत्वपुर्ण छ त्यसैले मलाई बिश्वास त अब ति सम्पुर्ण कुराहरुलाई हामिलाई कर्मचारि आवश्यकता छ भने कर्मचारि भर्ना गरेर पनि हामरो बजेटलाई खर्च गर्ने क्षमतालाई बिकास गरेर जुन सवै क्षेत्रमा भुगोल क्षेत्र पिछडियको बर्ग समुदाय सवैलाई सम्बोधन गर्ने गरिकन नीति तथा कार्यक्रम आयको छ त्यो अनुरुप आगामि बजेट आउने छ भन्ने कुराको पुर्ण विश्वास गर्दै म बिदा हुन्छु हवस धन्यवाद नमस्कार

**माननीय गोविन्दराज बोहरा**

माननीय सभामुख महोदय, डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउपालिका २ मा क्वारेन्टाईनमा बसेर बि क मृत्य भयको छ हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु । शोकाकुल परिवार प्रति समवेदना पर्कट गर्दछु त्यसतै अस्ति यउटा बालक को मृत्यु भयको छ क्वारेन्टाईनमा बस्दाबस्दै समवेदना प्रकट गर्न चाहान्छु । र पिवारलाई समवेदना पर्कट गर्न चाहान्छु र साथसाथै प्रदेश सरकारले ति क्वारेन्टाईनमा बसेका र मृत्यु भएका परिवारजनलाई छिटो भन्दा छिटो सहयोग गरोस भन्ने अनुरोध गर्न चाहान्छु र सँगसँगै डडेल्धुरामा हरेक ठाउबाट खबर आईराखेको छ प्रकोप बढेको छ त्यो प्रकोपलाई नियन्त्रण गर्नको लागि औषधि किटहरु छिटोभन्दा छिटो त्यहा उपलब्ध गराउन परेको छ र सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चहान्छु चाँडो भन्दा चाँडो किटहरु उपलब्ध गरायर रोग नियन्त्रण गर्ने कुरामा अगाडि बढोस भन्ने अनुरोध गर्न चाहान्छु ।

सभामुख महोदय, हामि ०७७/०७८ को नीति तथा कार्यक्रम सन्द्रभमा छलफल गर्न अगाडि बढेका छौ हिजो मात्रै संघीय सरकारको अर्थमन्त्री जिले यसका कुरा राख्नु भो देश लकडाउनमा छ । अजै खुलेको छैन तर २५ गते भित्र कर तिरिसक्नु पर्छ भनेर आहवान गरेको छ लकडाउनको समयमा सारा उद्योगधन्दा, कलकारखाना, ब्यापार सम्पूर्ण कुरा ठप्प भएको अवस्थामा कर तिर्न सक्ने अवस्था नेपालि जनताको नहुन सक्छ अप्ठ्यारो छ त्यसता कुरालाई यस्तो अवस्थामा सरकारले प्रेसर गरेर यो गर्नुपर्छ भन्नु कति उचित हुन्छ त्यसेले यो कुरा फिर्ता लिनुपर्छ भन्ने म यो सभामुख मार्फत यो सदनमा अनुरोध गर्न चाहान्छु ०७६/०७७ को बजेट का बेला पनि हामिले नीति तथा कार्यक्रमका बिषयमा बोलेका थियो सरकारका तर्फबाट पनि प्रशस्त सुनियका थिय साच्चिकै ति कुराहरु लागु भेदियका भय हामिले आज ०७७/०७८ को नीति तथा कार्यक्रममा धेरै

कुरा लेख्नुपर्ने आवश्यकता थियन जस्तो लाग्छ हामिले त्यसबेला भनेका थियौ असाध्यै सुन्दर लेखाईमा असाध्यै सुन्दर आयको छ त्यसलाई ईम्प्लिमेन्ट गर्यो भने साच्चिकै हाम्रो प्रदेश अगाडि बढ्छ त्यसबेला पनि हामि छलफल गरेका थियो हेलो सिएम को कार्यक्रम वास्तवमै राम्रो प्रपोजल हो तर ति पनि कता गय भारतबाट हाम्रो मुख्यमन्त्रिले यसै रोष्टममा बोल्नुभयको थियो भारतबाट युवा फर्काउने कार्यक्रम ल्याईन्छ । अब भारत जान बाट रोकिन्छ युवाहरुलाई रोक्छु युवाहरुलाई आफ्नै प्रदेशमा रोजगारि दिन्छु युवा शक्ति प्रयोग गरेर प्रदेशलाई अगाडि बढाउछु भन्ने कुरा आयको थियो तयो पुरा के कति भयको छ हामिले त केहि त्यसको द्वन्द पनि पाएका छैनौ शुसासनको कुरा आयको थियो सुशासन कहासम् कति सम्म सुशासन चलेकोछ सर्बबितितै छ पार्दशिता गौरवका योजनाहरु सगै फलफुलमा सुदुरपश्चिमलाई आत्मनिर्भर बनाउने र सुदुरपश्चिमलाई निर्यातमुखि बनाउने भन्ने कुरा उठेको थियो सरकारको तर्फबाट आज हामि त्यो बोलेको कुरालाई कुन अवस्थामा छौ हाम्रो सामुन्यमा हुनुहुन्च बित्तिय समावेशि का कुराहरु उठेका थिय बित्तिय समावेश यदि भैदियको भय आज ९ जिल्लाको गरिब मध्यबरग सवैलाई समेटेर बित्तिय बर्ग मिलायको भय हाम्रो यो परिस्थित आउने थियन होला स्वरोजगार कार्यक्रम त्यसबेला नीतितथा कार्क्रम आयको थियो बिभिन्न योजना छनोट यउटा बैक बनाउने त्यसबाट योजनाहरुलाई छनोट गरेर यस प्रदेशमा लागु गर्ने भन्ने आको थियो त्यसैबेला यउटा गलत प्रबृतिको प्रयोग गरियको छ झ्यालबाट योजनाहरु कलेक्सन गरेर त्यसलाई कुन टाईपले बितरण गरियको हो यो प्रदेश भरि के किसिमले दियको छ त्यसको कुनै जानकारि सम्बन्धित जिल्लाको सम्बन्धित माननीय लाई पनि जानकारि नहुने गरि योजना हरु गयका छन सभामुख महोदय, सुचना पार्क बनाउचु भनेको थियो त्यसबेला त्यसको कुनै सिम्टम अहिलेसम्म देखियको छैन यक स्थानिय तह यक औद्योगिक क्षेत्र राम्रो बिचार हो हामिले यलाई हृदय देखि नै सपोट गरेका थियौ साच्चिकै औद्योगिक कृयाकलापमा अगाडि बढ्ने हो भने हाम्रो रोजगारि हुन्छ रोजगारिले कमसेकम युवाहरु हाम्रो प्रदेशमा बस्न सक्छन बाहिर जादैन भन्ने यउटा कुरा थियो त्यसमा पनि हामि सफल बयनौ पर्यटनलाई अगाडि बढाउछौ भन्ने कुरा आज चाहिने हामि लिपुलेक लुम्पियाधुरा कालापानिको कुरा उठाईरखेका छौ हाम्रो भूमि हो तर त्यसका सँगसँगै यदि पर्यटनलाई अगाडि बढाउने हो पर्यटनलाई हेर्ने हो भने साच्चिकै मानसरोवर महत्वपुर्ण कुरा हो पर्यकिय दृष्टिले लिपुलेक लिम्पियाधुरा कालापानि जुन हाम्रो भुमि छ त्यो भुमि भएर मानसरोवर जाने हो मानसरोबर सबभन्दा ठुलो हाम्रो लाईफलाईन हुनसक्छ भोलिको पर्यटकिय स्थलाका लागि त्यसैले हामिले यो कुरालाई मध्यनजर राखेर पर्यटकिय हिसाबले अगाडि बढाउनुपर्छ भन्ने मेरो अनुरोध पनि हो त्यसबेला पनि कुरा उठको थियो तर केहि अगाडि बढेको छैन आज सिमा को कुरामा संघिय सरकारले हाम्रो नक्सा दिई सकेको छ खुसि लागेको छ यसमा बधाई दिन चाहान्छु र कुटनीतिक तबरबाट यसलाई छिटो भन्दा छिटो पहल गरेर आफ्नो भुमुलाई हामिले पुर्ण उपयोग गर्ने र त्यसको त्यो भुमिमा बसेका जति जनता छन बोर्डर साईटमा त्यहामात्रै लिम्पियाधुरा मात्रै होईन बोर्डरमा बसेका जति जनता छन ति जनतालाई हाम्रो प्रदेश सरकारले यउटा कुरा के

गर्नुपर्छ भने के राहत दिने त्यहाको बसेको जनतालाई त्यो बोर्डरको डाईरेक्ट सुरक्षा त ईमिडेट सुरक्षा त त्यहाको बसेको जनताले गर्छ त्यो हरेक ठाउमा त्यो ब्यवस्था गरेको छ त्यसैले यो बोर्डरमा वसेको जनतालाई पनि हामिले हाम्रो प्रदेशले कुन तरिकाको राहत दिन सकिन्छ प्याकेज नुनको २०० रुपिया पर्ने अवस्था छ त्यहि लिम्पियाधुरा जादाँ पर्ने बाटोमा त्यो हामिले २ रुपियामा उपलब्ध गराउन सक्ने कि नसक्ने त्यो हाम्रो बजेटमा आयर हाम्ररो नीति तथा कार्यक्रमले सम्बोधन गरिनु पर्छ ।

सभामुख महोदय, कोरोना भाईरसको यो महामारिमा हामि बारम्बार भनिराखेका छौ अरु बजेट कटाउनुस कोरोना भाईरसलाई कन्ट्रोल गर्नकालागि हाम्रो प्रदेशलाई स्वच्छ बातावरण र स्वास्थ्यमा ध्यान पुर्याउनका लागि सवैको स्वास्थ्यमा ध्यान पुर्याउनका लागि अरु बजेट काटेर पनि यसमा बजेट हाल्नुपर्छ किनभन्दा खेरि पहिला स्वास्थ्य हो स्वास्थय भयन भने सवे कुरा गर्न सकिदैन अहिले हामि यत्रो संकटमा छौ दिनप्रतिदिन बढिराखेको छ भारतबाट जति बेला चैत्र ११ गते लकडाउन भो त्यो लकडाउन हुदाखेरि भारतबाट जसरि बिस्तारै बिस्तारै युवाशक्तिहरु देश भित्र आईराखेका थिय त्यलाई सँगसँगै आउन दियको भय आज यति ठुलो भिड लाग्ने थियन होला संघिय सरकार प्रदेश सरकारले त्यसमा राम्रो सँग पहल गर्न सकेन र आज भिड लाग्यो भारतको बिभिन्न ठाउबाट युवाहरु आयका छन युवाशक्ति आयकोछ काम गर्न गयको कमायर नेपालमा बसेर खाउ भण्ने उनिहरुको पनि ईच्छा हो आज यो प्रकोपले त्यसमा धेरै ठुलो अप्ठ्यारो परेको छ युवाहरु जो आयका छन उनिहरुलाई बोर्डरमा रोकेर बिभिन्न ठाउबाट आयका रोग नलागेका कोरोना भाईरस नलागेका ब्यक्तिहरु पनि त्यहा प्रशस्त थिय होलान तर गौरिफन्टा देखि गड्डाचौकि देखि दार्चुलासम्मको नाकामा हेर्दाखेरि त्यहा भिड लाग्यो अवस्था छैन संक्रमित यकअर्कामा सर्ने सम्भावना ब्यापाक हो संघिय सराकारले पनि गल्ति गरेको हो प्रदेश सरकारले पनि त्यसमा गल्ति गर्यो प्रदेश सरकारले पनि त्यसमा कमसेकम आफ्ना यति मान्छे उदै छन यउटा अनुमान गर्न सक्नुपर्ने ५ हजारसम्म क्वारेन्टाईनको व्यवस्था यसै धनगढिमा गर्न पर्ने महेन्द्रनगरमा गर्न पर्ने क्वारेन्टाईनमा राखेर चेकअप गरायर पहाड तिर पठायको भय आज पहाड तिर प्रकोप देखिन्थेन होला यहि बाट प्रकोप हो त्यो अवस्था हाम्रो नजरमा आयन प्रदेश सरकारले त्यसमा ध्यान पुर्याउन सकेन र आज भयाभह परिस्थित हाम्रो देश भित्र भैराखेको छ यकातिर भाईरसको समस्या अर्कोतिर भोकमरिको समस्या सामुन्यमा आईराखेको कारणले ति कुरा यो नीति तथा कार्यक्रममा अन्य कुरा छोडेर पनि जनताको यो ७ न प्रदेशको जनताको स्वास्थ्यलाई ध्यानमा राखेर त्यसमा लगानि गरेर भोलि देखि सरकारले यउटा नीति तथा कार्यक्रम बनायर प्रत्येक गाउपालिका १ करोड, २ करोड, ३ करोड जति चाहिन्छ पैसा पनि दियर किट उपलब्ध गरायर सम्पुर्ण जनताको टेष्ट हुनुपर्च र सुरक्षित राखुपर्छ भन्ने अनुरोधका साथ बिदा हुन्छु धन्यवाद

**माननीय लिलाधर भट्ट**

मननीयसभामुख महोदय, सुदुरपश्चिम प्रदेश सरकारको तर्फबाट प्रदेश सभामा माननीय मुख्यमन्त्रीबाट बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको छ समयमै यो बिषम परिस्थितिमा यो नीतितथा कार्यक्रम पर्स्तुत गर्नुभयकोमा प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु यो नीतितथा कार्यक्रममा आगामि बर्षको नीति तथा यो बर्षको समिक्षा पनि समेटियको छ यसका ४३ वटा वुदाहरुमा यो बर्षमा सञ्चालन भैरहेका कार्यक्रमहरुको संक्षिप्त जानकारि गरियको छ हुनत यो परम्परागत पहिले देखि नै चलिआयको छ कि आगामि बर्षको यो बर्षको पनि राख्ने चलन यो योजना धेरै बर्ष पहिला देखि नै हाम्रो दैंशमा परम्परा छ र यलाई २ भागमा लग्दाखेरि राम्रो हुन्छ भन्ने पटक पटक मैले आफ्नो सुझाबहरु राख्ने गरेको छु किनकि कार्यक्रमको समिक्षा यउटा पार्ट अलगै हो र आगामि बर्षको यउटा कार्यक्रम अलगै हो यो सुदुरपश्चिम प्रदेशले यो पटक नसकेपनि आगामि दिनमा हरुमा कम्तिकम यो भागलाई २ भागमा हामि नीतितथा कार्यक्रमलाई १ भागमा र समिक्षालाई अलग गर्दा खेरि यले प्रभावकारि हुने र आगामि दिनमा पनि फोकस हुने हामि अहिले समिक्षा मा नै बढि अल्झिन्छौ र आगामि दिनको कार्यक्रमहरुमा जति ध्यान पुग्नुपर्ने हो त्यति ध्यान नपुग्ने भयकोले मेरो सुझाव छ त समग्रमा प्रदेश सरकारले २५३ वटा बुदासहित नीति कार्यक्रम ल्यायको छ मैले यसलाई हेर्दा सरकारलाई धन्याबाद पनि दिनुपर्छ यो पालि धेरै महत्वकांक्षि नभएर गर्न सक्ने खालका क्रियाकलाप हरुको बारेमा बोलेको जस्तो मलाई लागेको छ यो भन्दा बिगतका बर्षमा अलिअलि महत्वकांक्षि र गर्न नसक्ने कामहरु थिय भन्ने कुरा बिगतमा हामिले सदनमा पनि उठायका छौ किनकि राम्रो निर्यण गरेको तर गर्न गाह्रो परेको यकदमै राम्रो निर्णय गरियो तर पछि कानुन बनाउदै गर्दा नीति कानुन बनाउनुपर्नेमा पहिले नै हमि यति करोड यसमा यति करोड भन्दियौ अनि प्रतिपक्षले नै यकदमै खराब छौ भन्दिया थै यसपालि गतसालको धेरै राम्रो छ भन्या छ यसबाट के पुष्टि हुन्छ भने हामिले त्यो कार्यान्वयन गर्न नसक्दा प्रतिपक्षले चिन्ता ब्यक्त गर्दा त्यहा अलिअलि हामिले धर्म पनि मान्नपर्छ त्यलाई किनकि गतसाल पनि उहाहरुले यकदमै नराम्रो भन्नु भाथ्यो अहिले गत सालको राम्रो थियो यस सालको नराम्रो भन्नुदा खेरि त्यहा हामिले अलिकति सांकेतिक रुपले बुजिहाल्यौ अब अहिलेको कार्यक्रममा मैले भने सैद्धान्तिक रुपले खुकुलो जस्तो पनि छ अहिले किनकि गत साल गरि नगरि नहुनुपर्ने कार्यक्रमहरु राखियको थियो तोकेर नै लेखियको थियो मैले यो गर्ने उ गर्ने छु भन्दाखेरि पछि हामिलाई काम गर्दै जादाँखेरि कानुन निर्माण गर्दै जादा जसरि समस्या भयो भण्ने अहिले आईराछ जले गर्दा हामि धेरै आलोचना पनिभयको छ र हामिले पनि आलोचना गरेका छौ त्यो आलोचना गर्नुको अर्थ भन्को केहि पनि नगर्या भन्ने होईन जति सक्छौ भन्नुभाथ्यो त्यति गर्न सकेनौ भन्ने खालको हो अहिले सबभन्दा पहिले यो कार्यकर्ममा लिम्पियाधुरा लिपुलेक कालापानि क्षेत्र ब्यास गाउपालिकाको लाई विशेस बस्ने त्यो क्षेत्रका बसोबास गर्नलाई सामाजिक सुरक्षा बिकास कार्यक्रमलाई त्रजुमा गरिने छ भन्ने सम्बोधन गरेको छ त्यसको लागि धन्यवाद दिन चाहान्छु किनकि हाम्रो अतिक्रमित भुमिमा र त्यो सिमान्तकृत क्षेत्र जो अहिले पनि आफ्नो देशमा जानको लागि भारतले सिमा खोल्दिय मात्र जान पाउने छ भर्खर मात्रै त्यो

अवस्था थियो नेपाल सरकारले संघिय सरकारले भर्खर आर्मिमार्फ बाटो काट्ने सुरु भयको छ र प्रदेश सरकारले पनि ३० लाख रुपिया यसै बर्ष बाटो काट्ने लाई स्थानिय तहालाई अख्तियारि गरेको हामिले सुनेका छौ कमसेकम त्यो सिमान्तकृत क्षेत्र अब अर्को बर्ष देखि हामि बाटो काट्न पनि आफ्नो देशमा जानलाई पनि ईन्डियाबाट २ चोटि पुल तर्नुपर्ने र उनिहरुले पुल बनाईदिय अस्थाई पुल बनाई मात्रै जानुपर्ने ब्यवस्था हट्ने छ र यो बिशेस कार्यक्रमालाई झै त्यो भुगोललाई पनि अध्यान गरेर राख्दिन हुन म अनुरोध दर्दछु किनकि पालिका भन्नेबितिक्कै त्यहा झण्डै जिल्ला बराबर पालिका हो र त्यो क्षेत्र भनेको यउटै वडा भने पनि कुनै कुनै सानो जिल्ला बराबर छ त्यो व्यास को जो वडा छ त्यो धेरै ठुलो वडा भयकोले त्यसमा पनि कार्यक्रम बनाउदा खेरि बिशेस ध्यान जाने छ भन्ने म आग्रह गर्न चाहान्छु त्यसका साथसाथै कैलालिमा २ हजार क्षमताको भवन बनाउने देखि लियर अन्य यो नयाँ जन्मने बालिकाको लागि पनि बीमा भन्ने कुरा पनि यकदम नयाँ आयको छ र अब यो कार्यान्वयन मैले पहिले नै भने कार्यान्वन कसरि गर्ने यो लेख्दा खेरि म कार्यान्वयन कसरि गर्छु भन्ने कुराको खाका अहिले देखि नै लेख्दा ठिक होला नभय कार्बिधिमा मै थपौला र कार्यविधि बनाउदा बनाउदै लाष्टमा या धेरै टिप्पणि आउन सक्छ जे भन्नुभाछ त्यो कसरि गर्ने कहा गर्ने भन्ने ठिकठाक गरेर गर्नुहोला भन्ने सुजाव दिन चाहान्छौ । अब रोगबाट बचाऔ भोक जोगाऔ भन्ने नारा छ यसको यकदमै राम्रो नारा छ र यसको लागि पनि ध्यान दिनुहुनेछ र कामका लागि खाद्यान्न कार्यक्रम यकदमै रामरो कार्यक्रम तर त्यो काम कहा कहा गर्ने र केके काममा भन्ने पनि र त्यसका लागि बजेटमै अब पहिले भयका सडकहरुलाई यहिसित जोड्दिने , खानेपानिलाई यहि सित जोड्दिने भने त यो नारा मा लेखिराख्ने पर्ने हुन्छ किनकि त्यो त गरिनै तर यहि कार्यक्रम भनेर निश्चित गरेर कार्यक्रम तोकेर कार्यक्रमको मोडरेटि सहित जाँदा सबभन्दा राम्रो होला कार्यक्रमको मोडरेटि नतोक्ने र हामिले त त्यहि काम गर्या हो भन्ने हो भने भोलि यो नारा यकदम सुन्दर छ तर सुन्दर नाराले नै हामिलाई गाह्रो गर्न सक्छ त्यसमा बिशेश ध्यानगर्नुहोला र अर्को सबै स्थानिय तहहरुलाई ब्रान्ड बिकास र प्रबृतिको भन्या छ यो अलिकति मलाई महत्वकांक्षि नै जस्तो लाग्या छ स्थानिय तहलाई नै ब्रान्ड दिनेछौ भन्ने कुरा हरुलाई अलि यो कुरालाई ध्यान दिनुहोला न सकिने भय बजेटमा नराख्नुहोला नभय नआत्तिनुहोला किनकि स्थानिय तहमा उत्पादन हुने सबैलाई हामि ब्रान्ड दिने छौ भनेको शब्दावलि भनेको यउटा स्थानिय तह यउटा औद्योगिक ग्राम भने जस्तो होला किनभने हामिले लघुग्राम भन्नुपर्ने उत्पादित ग्राम हुनुपर्नेमा औद्यौगिक ग्राम भाथ्यो गत शाल मैले त्यहा पनि भन्या थिय औद्यौगिक ग्राम भन्ने कुरा त्यो कुनै सामान्य कुरा होईन उत्पादन स्थानिय उत्पादन भन्ने कुरा राखौं औद्योगिक भण्ने कुरा त प्रत्येक स्थानिय तह हामि प्रदेशमै औद्यौगिक ग्राम नबाईसक्या अवस्थामा प्रत्येक स्थानिय तहमा यउटा औद्यौगिक ग्राम भन्या शव्दावलिमा ध्यान देला भने जस्तै यो ब्रान्ड नै अलि ध्यान जाओस भन्ने हो मेरो प्रदेशमा लगानि मैत्रि बाताबरण बनाईने छ भन्या छ यो भन्दा पहिले लगानि सम्लन नै गर्ने भन्या थियो बित्तिय सम्मेलन भयो लगानि सम्मेलन भआ छैन त्यसमा पनि वातावरण मात्रै होईन त्यो सम्मेलाई पनि

अलि ध्यान दिनुपर्ने कुरा छ र यसका साथसाथै यो निशुल्क कानुनि परामर्श ब्यवस्था गरिने छ भनेर पनि कानुन मन्त्रालयबाट आयो जस्तो होला यकदमै राम्रो प्रस्ताव छ तर बजेट राख्न नभुल्नुहोला किन कि प्रत्येक जिल्लामा गरिब र असहाय हरुले निवदेन लेख्नाका लागि मान्छे नपाउने अवस्थामा त्यहा कर्मचारि व्यवस्थापन कसरि गर्ने हो र ति कानुन व्यवसायलाई के गर्ने हो भन्ने बजेटमै राख्न नछुटाउनुहोला किनकि यहा राख्दियो भोलि नभयो भने फेरि प्रपोजल हाल र वकिलहरु आउ भन्दाखेरि गाह्रो होला अर्को स्थानिय तहलाई समन्वय यसपालि धेरै ठाउमा स्थानिय र संघिय भण्ने शब्दावलि छ जो समन्वय गर्नुपर्छ भन्ने शब्दावलि आछ त्यो यकदमै स्वागत योग्य कुरा छ र अब त्यो समन्वयको खाका पनि बन्नुपर्छ नभय अहिलेका संघिय ईकाई सिकाईलाई भण्ने नसक्ने कन्डिसन आउन सक्छ त्यसको लागि पनि छिट्टै यो कार्यान्वयन अगाडि बढाउनुहुनेछ नमुना गाउ आफै बनाउ भन्ने लेख्नुभा छ यो पनि राम्रो छ सकारात्मक छ र यसले कार्यक्रमलाई पनि ठ्याक्कै यसलाई जोड दिनुहोला र भुमि बैक भण्ने संघ ले पनि राखेको छ र प्रदेशले पनि राख्या छ र ३ सय स्थानीय तहमा भुमि बैंक स्थापना गर्ने भन्ने कुरा आछ र यो पालि यो बजेटमा कमसेकम यो गाउपालिका यति नगरपालिका भनेर सम्बन्धित मन्त्रि ज्युले कार्यक्रमसहित पेश गर्नुहोला संघिय नारा आथ्यो मैले पनि लेख्दियाथे भनेर नलेख्नुहोला किनकि यो संघले संघमा जवाफ देला हामिले स्थानियमा यहा सोधिहालौला कृषिको प्रतिफलमा उत्पादन दिने प्रणालि संघले पनि गर्या छ यो लाई पनि बिशेस ध्यान दिनुहोला मैले माननीय सभामुख ज्युलाई १/२ मिनेट थप्न पनि आग्रह गर्छु मैले बुदागत ठुलो भको हुनाले यकदमै लामो छ यो अनि प्रदेशमा यम्बुलेन्श यो प्रदेशको भेटनरि क्लिनिकको लागि पनि केहि नयाँ कुरा राखेको छ यसको लागि पनि धन्यवाद छ क्लिनिक उत्पादित बिद्यार्थिहरुलाई सहयोद गर्ने भन्ने छ यसको लागि पनि यकदमै सकारात्मक कुरा छन र बिकासका लागि पनि जिल्लाजिल्लामा सामाजिक बिकासको कार्यालय खोल्ने भन्ने कुरा पनि राम्रो कुरा राखियको छ र यसरि हेर्दा खेरि यकबिद्यालय यक नर्ष भन्ने कार्यक्रम पनि सकारात्मक रुपमा राखियको छ र स्वास्थ्य उपकरण मर्मतकालागि यो बायो टेक्निकल ईन्जिनियरिङ प्रयोगशाला स्थापना गर्ने कुरा पनि नयाँ कुरा आयको छ अब यि कुरा हरु यकदमै सकारात्मक कुरा आयका छन भने केहि कुरा छुट्न गयका हामिले देखेका छौ जसमध्ये द्धारिका देबि महिला शशक्तिकरण कार्यक्रम भनेर छोटो गरेको मैले देखेको छु कार्यक्रमकै नाममा त्यो मोर्डलिटि के हुने भन्ने कुरा त्यो पछिको हो तर कार्यक्रमकै नाममा नियमित कार्यक्रम छुट्नु हुदैन टिकाराम वाला छात्रबृति बाला कार्यक्रम पनि मैले छुटेको जस्तो देखेको छु त्यो नछुटोस भन्न म राख्न चाहान्छु त्यस्तै गरेर प्रदेश प्राविधिक बिश्व विद्यलय स्थापना गर्ने भन्ने कुरा थियो अब अध्ययन गर्ने भन्ने कुरामा नझर्नुहोला किनकि पहिले स्थापना गर्ने पछि अध्ययनगर्ने कुरा यो गाह्रो हुन सक्छ प्रदेश खेलकुद यकेमि स्थापना गर्नै भन्ने कुरा गत साल पनि थियो अहिले छुटेजस्तो छ यसमा पनि ध्यान दिनुहोला ठुला नदिहरुमा जल यातायात सञ्चालन गर्ने भनेर गत साल लेख्नुभाथ्यो यो पालि यो असम्भव भएर हो कि यर छोड्नै खोज्या हो छुट्या हो त्यसमा ध्यान दिनुहोला र प्रत्येक पालिकामा अनि प्रत्येक

जिल्लामा प्रदेश सरकारका कार्यलय स्थापना गर्ने यउटा सामाजिकको कार्यालय स्थापना गर्ने कुरा मात्रै यहा छ तर अरु कार्यालय पनि प्रदेश सरकारका आफ्नै कार्यालयहरु स्थापना गरिने छन भन्ने कमिटमेन्टका साथ कार्यक्रममा आईदिदा राम्रो हुन्छ र मैले यउटा अन्तिम यउटा सुझाब राख्न चाहान्छु प्रदेशमा ब्यास खप्तड सैपालको नजिक नजिक मा प्रदेश सरकारले अब नयाँ एयरपोर्टको लागि सम्भावना अध्ययन गर्नुपर्छ र आगामि दिनहरुमा ति ऐतिहासिक ठाउहरुमा हामिले पनि एयरपोर्ट जस्तै तपाईको सगरमाथाको वेश क्याम्प हरुमा छ त्यस्तै हामि मानसरोबर कैलाशमान जाने कुरा गर्दै छौ खप्तड जाने कुरा गर्दै छौ अपि शैपाल जाने कुरा गर्दै छौ भने त्यसको सम्भावित अध्ययनको लागि पनि अब हामिले अध्ययन गर्नको लागि यो कार्यक्रम राख्दिय होला भन्दै अब यो जो चुनौति कार्यक्रम हामि राख्या छौ यो कार्यक्रम गर्नमा चुनटति नहोस र फिक्स कार्यक्रम फिक्स बजेट आवस र हामिले लेखेका बुदाहरु यकदमै प्रिय होस तर कार्यान्वयनमा अप्ठ्यारो नहोस भन्दै आफ्नो भनाई राख्छु धन्यवाद

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय, नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बि.पि. कोईरालाले आफ्नो राष्ट्रिय योजना आयोगलाई आफ्नै अध्यक्षतामा बसेको राष्ट्रिय योजना आयोगलाई तत्कालिन अवस्थाको मन्त्रिपरिसद् पहिलो मन्तब्यमा आग्रह गर्नु भएको थियो नेपाल अब जस्तो बनाउने तपाई राष्ट्रिय योजना आयोगमा एउटा किसान हलो जोतिरहेको किसानको नक्सा राख्ने र अबको राष्ट्रिय योजना आयोग मेरो म पहिलो जननिर्वाचितको अध्यक्षतामा अब नेपालि जनतालाई समृदसँग जोड्ने योजना अथवा नीतितथा कार्यक्रम यउटा किसान जो हलो जति राखेको हुन्छ खेतमा उसको नक्सा राखेर बनाउनुस भनेर निर्देशन दिनु भएको थियो मैले खालि माननीय सभामुख महोदय, स्मरण गराउनमात्र खोजको हो यो प्रसङ्गलाई हालसालै यउटा सामाजिक सञ्जालमा यउटा मुलुकको प्रधानमन्त्रिले सामाजिक सञ्जालमा हमिले हेर्ने अवसर पायौ त्यो मुलुकको मन्त्रिपरिषदलाई यो मुलुकको नीतितथा कार्यक्रम कस्तो बनाउने तपाईको सन्तानलाई हेरेर बनाउनुस भनेर निर्देशन गरेको सामाजिक सञ्जालमा अध्यन गर्न आय सभामुख महोदय, भने हाम्रो प्रदेश सुदुरपश्चिम प्रदेशको सरकारले यो ०७७/०७८ को नीति तथा कार्यक्रम कस्तो बनाउने भन्ने कुराहरुमा असाधारण परिस्थितिका साधारण कुराहरु गरेर बनाउनुपर्दथ्यो भन्ने मलाई लाग्दछ माननीय सभामुख महोदय,

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेशको माननीय मुख्यमन्त्रि त्रिलोचन भट्टको नेतृत्वमा रहेको मन्त्रिपरिषदका सम्पुर्ण माननीय मन्त्रि जिहरु सुदुरपश्चिमका ९ वटै जिल्लाका क्वारेन्टाईन अथवा तपाईहरु जहाबाट निर्वाचित हुनुभयको थियो निर्वाचन क्षेत्रमा बिद्यमान क्वारेन्टाईनको अवस्था हेर्नुस र तपाई हामि निर्वाचित तपाई निर्वाचित भयको निर्वाचन क्षेत्रका मानिसहरु आज जतिपनि नाका मा पिडादायि अवस्थामा नाकामा पुगिराख् छन पुग्ने अवस्थामा छन तिनलाई हेर्नुस र बाकि रहेका भारतलागायत बाकि रहेका जति पनि नागरिकहरु आफ्नो मातृभुमि फर्किनकालागि छन उनको

आवास र उनका सन्देशहरुलाई भन्नुहोस यि ३ वटा कुरालाई मध्यनजर राखेर यो ०७७/०७८ को हाम्रो प्रदेश सरकारले बनाउनुपर्ने नीतितथा कार्यक्रम तै गर्दियो भने हामि सवैका लागि सान्दर्भिक सुखद र परिणाममुखि हुन्छ जस्तो मलाई लाग्छ सभामुख महोदय,

सभामुख महोदय, मैले ०७४/०७५, ०७५/०७६, ०७६/०७७ र ०७७/७८ यो ४ वटै हाम्रो सुदुरपश्चिम प्रदेशका नीति तथा कार्यक्रमहरु यहाँ लिएर आयको छु । सभामुख महोदय, म धेरै कुरा भन्न चाहान्न सभामुख महोदय,समयको पाउबन्दि छ ०७४ र ०७८ मा के गर्ने भनेर मेरो प्रदेशले नीति तथा कार्यक्रम ०७४ मा पनि मुक्त कमैया सुदुरपश्चिममा कति छन मुक्त हलिया कति छन कमलहरि कति छन त्यसको अध्ययन गर्ने भनेर लेखियको थियो ०७४ मा मैले यो बोकेर ल्यायको छु यो अहिलेको ०७७/०७८ को कार्यक्रममा पनि त्यतै तिर केन्द्रित भयो सभामुख महोदय, बिद्युत उत्पादनको सम्भाव्यता अध्यन हुने र ०७४ को कार्यक्रममा पनि छ मेरो सरकारले ल्यायको कार्यक्रममा ०७८ मा पनि त्यहि लेखेको छ हामि अध्ययन अनुसन्धानकै क्रममा छौ भनेर १ लाख मेगावाट बिजुलिको उत्पादन गर्न सक्ने सम्भावना छ भनेर हाम्रो देशको सरकारले अहिले सम्म गर्न सकेको छैन सरकार त्यसतै गरिकन दलित जातिहरु जले फलामको काम गर्छन परापुर्ब काल देखि नै जले छालाको काम गर्छन जले तामाको काम गर्छन जले वासनिङ्गलाको काम गर्छन साच्चिकै हामि सवैका लागि प्रेरणाका स्रोत हुन ति मर्कालाई छुने तिनको सिपलाई व्यवस्थित गर्ने भनेर ०७४ मा पनि ल्यायको थियो ०७८ मा पनि त्यहि लेखेको छ सभामुख महोदय, त्यसतै गरिकन सवैलाई सम्मान समावेशि ढङ्गले बिकास निर्माणको चुरोलाई अगाडि बढाईने भनेर यो २५३ बुदाको नीतितथा कार्यक्रममा पनि यस्तै आयको छ सभामुख महोदय, यस्तै गरिकन सिमाना व्यवस्थापन का बाररेमा म यकदम धन्यवाद दिन चाहान्छु सरकारलाई बधाई अर्को यो कार्यकालको समिक्षा गर्ने वैठकमा दिने छु त्यसको लागि पर्खिनको लागि सरकारलाई आग्रह गर्न चाहान्छु धन्यवाद हो हाम्रो अतिक्रमित भुमि छ त्यो हाम्रो भुमि सिमानाका नेपालि नागरिकहरुको लागि विशेस कार्यक्रमको जो घोषणा गरेको छ म त्यसका लागि यो सरकार नीतितथा कार्यक्रमको लागि धन्यवाद दिन चाहान्छु र सिमाना अतिक्रमतिकको लागि निरन्तर यउटा सहिद गोबिन्द गौतमले शाहगत प्राप्त पाईसकेपछि मैले यो सदनमा निरन्तर निवेदन गरेको छु सभामुख महोदय, हाम्रो प्रदेश सरकारलाई स्वर्गिय गोविन्द गौतमका नाममा सिमाना कार्यक्रम ल्याईयोस भनेर दुर्भाग्य हाम्रो मातृभुमिको लागि सहिद भयको गोबिन्द गौतम त बित्नु भो उहाको सहित दिने माता पनि हाम्रो बिचमा रहनुभयन उहा प्रति उहालाई जन्म दिने मातालाई हार्दिक श्रदासुमन ब्यक्त गर्न चाहान्चु सभामुख महोदय, यसैगरिकन २०७४ को नीतितथा कार्यक्रममा ठुलो बिश्व बिद्यालयको परिकल्पना गरियको छ सभामुख महोदय, तर ०७८ प्रादेशिक विश्व बिद्यालाय स्थापना गर्ने अथवा यसको बारेमा अध्ययन अनुसन्धान गर्ने यसरि कल्पना गरियको छ सभामुख महोदय, कर्मचारिको अभाव त्यतिखेर पनि देखाईयको थियो सभामुख महोदय, त्यतिखेर कर्मचारिको अभाव ०७८ मा पनि देखाईयको छ र आफु मातहतका कार्यालय स्थापना गर्नको लागि अहिले पनि संकट देखायको छ

अहिले पनि आफ्ना अगाडि चुनौति देखायको छ सभामुख महोदय, यो कारण मेरो प्रदेशको सरकार कता तिर गरिराखेको छ सुदुरपश्चिम वासिको समृदिको लागि सुदुरपश्चिमको बिकासको लागि भनेर यो बाट प्रष्ट झल्किन्छ सभामुख महोदय,छुवाछुत बोक्सि छाउपडि र लैङ्गिक हिंसा जस्ता कुराहरुको अन्तको लागि प्रदेश सरकार पटिबद्ध छ भनेर ०७४ मा पनि देखायको थियो अहिले ०७८ मा पनि त्यहिकुरा हरु अंकित गरेको छ सभामुख महोदय, फोहोर मुक्त स्वच्छन्ताप्रदेश प्रदेश सरकारको प्रतिबद्धताभनेर त्यति खेर पनि  देखियको छ अहिले शब्द परिमार्जित गरेर अक्षर परिमार्जित गरेर अहिले पनि ल्यायको छ सभामुख महोदय,

सभामुख महोदय, त्यो कारण यउटा ०७४ मा एउटा एक ब्यक्ति एक खाता भनेर कन्सेप्ट ल्यायको थियो त्यो राम्रो थियो त्यसको समिक्षा न देखाईयको छ न ०७६ मा देखायको छ अथवा सुदुरपश्चिमका हामि जति पनि नागरिक हौ यो बैंकिङ कारोबार सँग जोडियका हौ यो समिक्षामा आयको सभामुख यो राम्रो पक्ष हो यलाई निन्तरता दियोस भनेर म आग्रह गर्न चाहान्छू सभामुख महोदय,राम्रो छ शव्दमा शब्दमा असाध्यै राम्रा छन सभामुख महोदय,रोग बाट बचाउ भोक बाट जोगाउ रोग बाट बचाउ भोक बाट बचाउ यो यत्ति मात्र लेखियो यलाई नै रोग बाट सुदुरपस्चिमका नागरिकलाई बचाउनु र रोग बाट जोगाउने यो चिजहरुलाई यलाई नै गाईड लाईन बनाएर सुदुरपस्चिम सरकारलाई आफ्नो नीति तथा काय्रक्रम अहिले बनायर गर्ने हो भने यो हाललाई हुन्छ अरु केहि लेख्नै पर्दैन अरु केहि गर्नुपर्ने आवश्यक छैन र हामिसँग साधन स्रोत पनि छैन हामिसँग ठुलो च्यालेन्ज रोग र भोक भनेको धेरै ठुलो च्यालेन्ज हो देखिदाखेरि साधारण देखिराखेको छ हामि असाधारण परिस्थितिको पुर्ब सन्ध्यामा उभिराखेका छौ सभामुख महोदय, फेरि पनि हामिले भनेको धेरै राम्रा कुराहरु ल्याउनुभयको छ यउटै सृस्टि नमुना गाउ आफै बनाउ कृषक सँग कृषि बिद्यार्थि सभामुख महोदय, किसालाई सिकाउने गरिकन जुन यउटा जेटिय पढिराखेको बिद्यार्थि छ त्यलाई हामि छात्रबृति दिईराखेका छैनौ म चुनौति दिन चाहान्छु सभामुख महोदय, मार्फत सम्बन्धित मन्त्रालयले त्यहा दिईराखु भयको छ भने तरर यो कल्पना गर्नु भयको छ धन्यवाद दिन चाहान्छु जुन जेटियो पढिराखेको बिद्यार्थि किसानको खेतमा गयर जुन आफु पनि प्रयोगात्मक रुपमा आवश्यक हुन्छ र किसानलाई आफुले अध्ययन गरेको थ्योरिटिकल आफुले सिकेको कुरालाई सिकाईराखेको बिद्यार्थि यदि कमिटमेन्ट गर्छ भने त्यो बिद्यार्थीलाई छात्रवृत्ति दिने कुरा छ यो स्वागत योग्य छ सफलता पुगोस भन्ने म शुभकामना दिन चाहान्छु सभामुख महोदय, मेरो बिशेसग्यता मेरै प्रदेशका लागि यो पनि राम्रो कार्यक्रम छ स्वास्थ्य सेवा सेदृढिकरण कार्यक्रमका लागि धेरै कुराहरु राम्रो छन धेरै बुदाहरु राम्रो छ न यो प्रदेशको सरकारको अहिले बजटको पहिलो र महत्वपुर्ण अंश यसका लागि छुट्यायोस भन्न म आग्रह गर्न चाहान्छु यसले गरेको छ हरेक गाउपालिकामा हरेक केहि गाउपालिका भन्छन र हरेक गाउपालिकामा अस्पतालहरु कम्तिमा यसमा १५ सैया लेखियको छ कम्तिमा ५० सैया को अस्पतालहरु अहिलेको अवस्थामा स्थापना गरिने छ भनेर लेखियोस भनेर आग्रह गर्दछु सभामुख महोदय, यस्तै गरिकन मुख्यमन्त्रि जेष्ठ

नागरिक स्वास्थ्य कार्यक्रम यो पनि यसैसँग जोडियको छ यो राम्रो कार्यक्रम छ यक बिद्यालय यक नर्स यो यक योग गुरुको कार्यक्रम यो पनि राम्रो कार्यक्रम छ यक बिद्यालयमा यउटा नर्स र यउटा योग गुरुको कार्यक्रम स्वस्थ यरुवा प्रदेशको खम्वा खेरलाडि कल्याणकारि कोष प्रदेश तथा गाउ उज्यालो बनाउ प्रदेशको लगानि नागरिकको आम्दानि यक स्थानिय तह यक औद्योगिक ग्राम कार्यक्रम १६/१७ वटा असाध्यै राम्रो ल्याको छ सभामुक महोदय, यि सम्पुर्ण कार्यक्रमहरु सरकारको बिगतका नीतितथा कार्यक्रम जस्तै लेखियर मात्र नआउन कार्यान्वयनको पक्षमा जाउन सभामुख महोदय, यति कुराहरु यहाहरुको बिचमा माननीय सभामुख महोदय, यो गरिमामय सदनमा निवेदन गर्धे गर्दा खेरि अब हामि प्रदेश सभाको हरेक माननीयहरुले हरेक महिना को अन्तिम दिन सरकारका माननीय हरु समक्ष ति कार्यकर्महरुको प्रगति बिवरणका बारेमा तपाईहरुसँग हामि यि कार्यक्रमहरुका यस्ता चुनौतिका विचमा कसरि लागु गर्नु भाको छ कति प्रभावकारि भयका छन कहाकहा भयका छन भनेर तपाईहरुबाट हामि यि कार्यक्रम कार्यन्वयनको पक्ष माग्ने यो सरकारसँग माग्ने छौ भन्ने कुराहरु निवेदन गर्न चाहन्छु सभामुख महोदय, यसै गरिकन यो कार्यक्रमको ६९ औ नम्बरमा बुदामा लेखियो सभामुक महोदय, श्रम मजनशक्तिलाई बिकासको आयोजनमा जोड्ने र अवस्था हेरि खाद्यान्न राम्रो कार्यक्रम हो खाद्यान्न को लागि खाद्यान्न कार्यक्रम लेखियको छ भने त्यस्तै ठिक अर्को बुदामा ७० न बुदामा मुख्यमन्त्रि प्रदेश स्वमसेबक परिचालन कार्यक्रम यो कार्यक्रमहरु कोष्ट कार्यक्रमको हो सभामुख महोदय, त्यसभन्दा अगाडि खाद्य सँग कामको कार्यक्रम हामि लागु गर्दछु काम गरि खाने मानिसहरु युवाहरु बृदहरु महिलाहरु काम गरि खाने हरेक सुदुरपश्चिमको नागरिकहरु आफ्नो गाउमा बनेको कुलो पनालो जे बनाईराखेको छ सडक हामि जे बिद्यालय स्वास्थ्य औषाधालय जे बनाईराखेका छौ त्यो सँग जोडिन्छ बने यो मुख्यमन्त्रि प्रदेश स्वमसेवक परिचालन कार्यक्रमहरु यो निषेन्ध राजनितैक कार्यकर्ताहरु भर्ना गर्नको लागि प्रेरित भएर ल्यायको कार्यक्रम हो  यो कार्यक्रम नीतितथा कार्यक्रमबाट अहिलेको बिषम परिस्थितिमा हटिनुपर्छ म भन्न चाहन्छु निवेदन गर्न चाहानर्छु सभामुख महोदय, मेरो प्रदेशको माननीय मुख्य मन्त्रि जि ले यसै गरिमामय सदन समक्ष पटक पटक भन्नुभयको थियो मलाई प्रवासको पिडा मलाई थाहा छ अब सुदुरपश्चिमको पनि नागरिकले प्रवासमा पिडा भोग्नुपर्ने छैन म माननीय मुख्यमन्त्रि ज्युलाई यो माननीय सभामुख ज्यु मार्फत अनुरोध गर्न चाहन्छु माननीय मुख्यमन्त्रि ज्यु आज भारतको प्रवासमा तपाईले धेरै ठाउ जानु पर्दैन यहि गौरिफन्टा र बनवासाको नाकामा जानुहोस म बिनम्रता पुर्बक अनुरोध गर्न चाहान्छु हाम्रा प्वास बाट फर्किराखेका सुदुरपश्चिम का नागरिकहरुले कति पिडा पाईराखेका छन त्यो पिडाको अनुभूति गर्नुहोस आफ्नो नाङ्गो आँखाले हेर्नुस र अब ०७८ को बजेट कार्य नीतितथा कार्यक्रम कसरि बनाउने तपाईलाई धेरै ठुलो परिणाम हुने छ यस्ता कार्यक्रमहरु राजनीतिबाट प्रेरित भएर यस्ता कार्यक्रमहरु नल्याउनका लागि हार्दिक अनुरोध गर्न चाहान्छु सभामुख महोदय, यसै गरिकन अन्तमा यक मिनेट भन्न चाहान्छु सभामुख महोदय, यो नीतितथा कार्यक्रमको १११ न को लेखियको छ पशुपालन कार्यक्रमको लागि

प्रोत्साहन यो कार्यक्रम राम्रो छ सभामुख महोदय, मैले यहानेर यति मात्र जोडे यो प्रदेश भित्र बहुसङ्ख्यक हामि हिन्दु छौ सम्भव त ५३ जना माननीयहरु हामि हिन्दु परम्परालाई मान्य छौ र गाईको आज बिचलन छ कैलालि कञ्चनपुरमा छ पहाडका लेकहरुमा छ पहाड र जति पनि महाभारत छ आज जम्मै गाईका कारणले तपाई प्रदुषित हुनुपर्ने र तिनको बेहाल अवस्था हेर्दाखेरि म हिन्दु हु भनेर बस्दा खेरि अपमानित हुनुपर्ने भावबिहल हुनुपर्ने रुनुपर्ने अवस्था छ र गाई संरक्षणको लागि बिशेस कार्यक्रम यो सरकारले ल्यावस यो सँग रोजगारि जोडिन्च यो सँगै हाम्रो गौमाता राष्ट्रिय जनावर हो उसलाई संरक्षण गर्ने जोडिन्छ जोसुकै हामी हिन्दु धर्मावलम्वि भयको नाताले हामि धर्मनिष्ट भयको हाम्रो कर्तब्य पनि जोडिन्छ र यो सँगै हाम्रा रोजगारिका सिर्जना हुन्छ भन्ने कुराहरु राख्दै अन्तमा म के भन्न चाहान्छु सभामुख महोदय, भने आधा मिनेटमा मैले आफ्ना कुरा सिध्याउन लागे उत्तर कोरियाको शासक किम जोङ हिड्दै गर्दा खेरि यउटा मान्छे ठाडो गयर यसरि बसिराखेको रहेछ र आफ्नो अङ्ग रक्षकलाई भनेछ त्यो शासकले त्यो किन त्यो झुकेन मलाई देख्दा खेरि त्यलाई हेरेर आउ भन्दा खेरि अङ्गरक्षक गयछन र तिमि किन झुकेनौ हाम्रो राष्ट्रपति आउदै गर्दाखेरि भन्दाखेरि म त जन्म जातै मेरो घाँटि झुक्दैन त्यो कारणले मैले झुक्न सकेको होईन माफ गर्नुहोला यहि खबर लगेर गय किम जोङ कहा किम जोङले उसको जन्मजातै अवस्थाको झुक्न नसक्ने भाको हुनाले नझुकेको रहेछ सरकार भन्दा खेरि किमजोङले गोलि हानेर मार्दियछ भने हामि कांग्रसिहरु प्रतिपक्षमा रहेका अथवा राजपाका सांसदहरु जन्मजातै बिरोधि देखुहुन्छ प्रतिपक्ष देखुहुन्छ तर सभामुख महोदय, यो प्रदेशको माननीय मुख्यमन्त्रि त्रिलोचन भट्ट जिले नेतृत्व गरेको सरकार तपाई आफ्नो रक्षा कवज जुन सांसदहरुका बिचबाट संसदिय बलको नेता भएर यो प्रदेशको मुख्यमन्त्रि हुनुहुन्छ यो आफ्ना बलका सांसदहरुको आप्ना रक्षा कवच आफ्ना अंग रक्षकहरुको आवाज तपाईहरु प्रतिको बितृष्णा होईन यो जनताको सहि आवाज हो यलाई स्विकार्नु भयन भने र यसलाई किङ जोनले आफ्नो अंग रक्षकलाई मारे जस्तै यो सदनवाट मुकरित भयका आवाजहरुलाई शिरोपण गरिकन ०७८ का चुनौतिहरुसँग ०७८ मा आउने रोग र भोक सँग लड्ने तागत आफुमा सिर्जत गर्नु भयन भने भयाभह त्यो भयाभहक बाट उत्पन्न हुने सँग यो सरकार मात्र जाने छैन सभामुख महोदय, त्यो सँगै हाम्रो गरिमा पनि जाने छ भन्ने कुराहरु राख्दै आफ्नो भनाईहरु यहि राख्छु धन्यवाद, जय नेपाल ।

**माननीय रतन बहादुर थापा**

माननीय सभामुख सर्बप्रथम सरकारका मुख्यमन्त्री र मन्त्रीज्युहरुलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । अनुकुल परिस्थितिका बाबजुत पनि जुन चाहि समयमै नीति तथा कार्यक्रम ल्याउनु भएको छ त्यसको लागि धेरै धेरै धन्यवाद छ । वास्तवमा नीति र कार्यक्रम को बारेमा धेरै राम्रो छ भन्ने कुराहरु पुर्ववक्ता माननीय ज्यहरुले पनि भनिसक्नु भएको र केहि कुराहरुक निरन्तरता भएको छ भन्ने कुरा पनि आको छ । त्यो अब वास्तवमा जेजे कुरा सकिएको छैन त्यो निरन्तरता हुने हो र

केहि कुराहरु थपिने हो नीति कार्यक्रममा प्रत्येक बर्ष नयाँनयाँ हुने यउटालाई छोड्दिने अर्को तपिने भन्ने कुरा हुदैन स्वाभाविक रुपले पढ्दा खेरि सवैकुरा राम्रो देखियको छ माननीय ज्युहरुले न्नुभयो मैले पनि बुदागत नै मैले टिपेको थिय धेरै राम्रो छ अस्ति यकजना माननीय ज्युले कर्णालि प्रदेशमा बोल्दैहुनुहुन्थ्यो कि यता रातो हो कि हरियो हो कि के हो कसो भनेर धेरै भाईरल भाको छ किताबमै रङ्गयार भन्दा पनि अहिले मान्छेहरुले के चाहिरहेको छ भने आउटपुट चाहिरहेकोछ रिजल्ट चाहिरहेको छ हामिले कर्णालीमा जहाज चलाउने भनेर २ करोड कति भनेका थियौ त्यो अहिले चलेन आखिर त्यो कुरा धेरै हल्ला गरेको भय अहिले काम लाग्ने थियन त्यसकारण बस्तुले आफै ज्ञान दिन्छ भनेजस्तै बिकास पछि त्यले आफै भनिहाल्छ हामिले धेरै कुराहरु कार्यक्रममा धेरै कुराहरु लेख्नुभन्दा पनि कार्यन्वयनमा हामिले जोड दिनुपर्छ भन्ने कुरा छ जस्तै हामिले गर्न सक्ने अहिले मैले देखे गर्न सक्ने कुराहरु यहा आयको छ मैले जहिले पनि भण्ने गर्न सक्ने कुराहरु गरौ जस्तै धनगढिमा यउटा हल बनाउने अवस्थ कति समस्या छ ५० हजार ६० हजार रुपियाँ तिर्नुपर्छ हाम्रो लागि पनि काम लाग्छ र आम पब्लिकको लागि पनि काम लाग्छ २ हजार मान्छेहरु एकुपाईड गर्ने कुरा भन्ने कुरा सामान्य कुरा  हो यो र यसको महत्व धेरै छ कुराहरु साना भयपनि त्यलाई यहा धनगढिको को मा धेरै जस्तै महेन्द्रनगरमा सिटिहरु छ धेरै छ गड्डाचौकिमा देखि कर्णाली सम्म ठुलो बाटो बनाउने कुरा छ त्यो केन्द्र देखि यहासम्म चलिरहेको छ यो पनि राम्रो कुरा छ यो पनि राम्रो कुरा छ अनि बालबालिकालाई बिमा गर्ने कुरा छ हमि कहासम्म सक्छौ अब त्यो सक्ने कुराहरु हेर्नुपर्ने होला १० हजार मान्छेहरुलाई तालिम दिने रोजगारि कुराहरु अब हाम्रो यहा मैले पहिला पनि भनेको थिय काम अनुसारको हाम्रो जनशक्ति छैन र जनशक्ति अनुसारको हामिसँग काम छैन यो मिलाउनु पर्ने छ हामिसँग अहिले हामिले धेरै मान्छेहरु खोजेको पाउदैन डक्टरहरु हामिसँग छैन ईन्जिनियर हामिसँग छैन त्यसपछि घर बनाउने मिस्त्रि हामिसँग छैन पलम्बर हामिसँग छैन यउटा कपाल काट्ने मान्छे हामिसँग छैन भनेपछि यकातिर हामिसँग छैन भनेपछि अर्को तिर बेरोजगारहरु छ त्यलाई हामिले सेट गर्नुपर्ने जनशक्तिअनुसारको काम दिनपर्ने छ र हामिले धेरै मान्छेहरुलाई अहिले हामिले ईङ्गेज गर्नुपर्ने छ कोरोनाको कारणले यकातिर चुनौति छ को मान्छे त्यलाई नै सफल भनिन्छ जसले चुनौतिको पनि फाईदा लिन सकोस हाम्रो मुख्यमन्त्रिले भन्नु भाको छ अब हाम्रो भारतमा काम गर्ने मान्छेहरुलाई ल्याउला सवैले नआयपनि यो कोरोनाले त ल्यायो यो पनि कमसेकम त्यहा दुख पाउने त नेपालमै पाउछन उहाहरुलाई हमिले चाहि कृषिमाकाममा लगाउ यो त उहाको ईच्छा पुरा भयो जसरि पनि उहाकै कार्यकालमा अब लाखौ जनताहरु त्यहा आउछन हामिले चाहि कृषिमा उहाहरुलाई बजेट त्यसमा लगाऔ त्यसपछि अन्य १० हजार होईन कि हामिले ५० हजार जनशक्ति हामिले उत्पादन गर्न पर्ने छ अहिले पनि धेरै जनशक्तिहरु बाहिरबाट आयर हाम्रो यहा काम गरिरहेको छ भारतबाट अरु ठाउवाट यसको लागि हामिले यलाई अवसरको रुपमा लिनपुर्छ किन हाम्रा जनताहरु बाहिर गयर जति पनि काम गरिरहेका छन कोहि पनि खुसि छैन जति पैसा पाय पनि त्यहा १० हजार यहा ५ हजार पायपनि

हाडिहासि आफ्नो परिवार सँग बसेर आफ्नो छोराछोरिसँग बसेर सानि झुपडि भयपनि साँझ आनन्दसँग बसेर यकदम बुडाबुडिसँगै बसेर खायको आनन्द र उहा गालिसँगसँगै मासुभात खायको उनिहरुलाई आनन्द आउदैन र आयका छन अब यो सरकारले पनि यो श्रम उ गर्ने भन्या छ श्रमको बारेमा भारतले पनि लगाउछ होला यो पनि राम्रै हुने वाला छ त्यसबाट हामिले पनि उत्साहित हुनुपर्छ यो कमसेकम अब हाम्रो जनशक्ति हाम्रै देशमा काम लाग्ने छ कृषकहरुलाई बिद्यार्थिसँग जोड्ने भन्ने कुरा यसैमा आईसकेको छ अब हाम्रा बिशेसज्ञहरु यहि काम गरुन अहिले जति पनि डक्टरहरु ईन्जिनियरहरु जति ठुला छन कुन देशमा जाने अम्रिकामा गय पछि त के हालत हुन्छ मैले धेरै मान्छेसगँ अमेरिकामा फोन गर्छु कुरा  गर्छु नाई नाई धेरै छन ३५ करोड छन मर्या त रैछन भन्ने पालो त आउछ नि त त्यस्तो बिजोग छ आज अम्रेकिकाको पनि हबिगत देखिहाल्यौ हैन यउटा कोरोनाले हालत खराव गर्दियो नेपालको जस्तो जुलुस हिजो लाउने गाडिमा आगो लगाउने काम आज अमेरिकामा भैराको छ त्यहाको राष्ट्रपतिलाई बङ्करमा गयर २ घण्टा लुक्नुपर्यो त्यो नि हालत त्यसकारण अमेरिका भनेको त स्वर्गै हो भने जस्तो लाग्थ्यो हाम्रा सरकारि कर्मचारिहरु भिजा लियर बस्थे त्यो त अहिले भयन नि यो त यक किसिमको संसारका लिडरहरुलाई संकास्पद संसारका भनौ आफुलाई अलिकति भयंकर ठान्नेहरुलाई यो कोरोनाले अलिकति सबक सिकाईरहेको छ मान्छेहरुको यकअर्काले सहयोग गरनुपर्छ भन्ने छ ईथोपियोमा धेरै मान्छेहरु मान्छेहरु हाम्रै देशहरुमा अझै हाम्रो देशमा खान नपायर मरिरहेका छन भने फलफुलहरु अन्न हरु समुन्द्रमा फालिरहेको छ र आफ्नो ७५% बजेट हतियार बनाउने मा खर्च गरिराछन ठुला राष्ट्रहरुले आफ्ना जनताहरु भोकै मरिरहेको अवस्था छ भने अर्को तिर न्यक्लियर बम बनाउने आर्मिहरुमा खर्च गर्ने सवै पैसाहरु जति पनि शक्तिशालि राष्ट्रहरु छन सवैले यो चाहि सुरक्षामा खर्च गरिराछ त्यो के गर्नाकालागि भने अर्को देशलाई ठिक पार्नका लागि त्यो अर्को देशमा पनि मान्छे बस्छन भने यउटा वर्ल्डमा यउटा साम्राज्यवाद यउटा सिमा हुदैन संसारका मान्छेहरु यक हुन्छन भन्ने खालको यो सवै चेतना यले जगायको छ त्यसकारण रोग आयतापनि यसबाट हामिले नेपालले पनि फाईदा लिनुपर्छ र संसारका मै हु भन्ने राष्ट्रहरुले पनि यसवाट सचेत हुनुपर्ने देखियको छ र हामिले अबरोगहरुको लागि के छ हामिसँग रोगहरु धेरै किसिमका मानसिक रोगहरु छ अहिले यो कोरोनाले भन्दा पनि सुसाईट गरेरकमटियन सुसाईट मान्छे मरेको छ भन्ने सुनियको छ धेरै मान्छेहरु त्यसकारण यो गर्दा खेरि रोगजान्छ त्यसपछि ध्यान ध्यानकेन्द्रको कुरा राख अब स्कुलमा नर्सहरु दिन सकिन्छ त्यो त गाह्रै होला आयको छ अब नराम्रो कुरा होईन तर योग शिर्षक हामिले राख्दा खेरि योग शिर्षकसँग पाउने केन्द्रले पनि सुध्रियको छ हरके ठाउमा मान्छे बिहान हासेर योग भनेको जोडेने कुरा हो मान्छे बिहान को दिनभरि हास्यो भने दिनभरि को उसको माईन्ड पनि राम्रो हुन्छ यो यकदम यलाई अगाडि लगाउनुपर्ने देखिन्छ जल स्रोतलाई हामिले अगाडि बढआउने भन्ने कुरा पहिले नै आयको छ अब अहिले कार्यान्वयन हुदै छ अब सहर बनाउने आधुनिक सहरको कुरा आयको छ सहरहरु हामिले छन तर त्यसलाई हामिले कसरि सरफआ सुग्घर राम्रो सुन्दर

बनाउने कुराहरु हामिले लाग्नुपर्ने छ गन्ना पनि खेति गर्ने भनेका छौ हामिले पहिला को यसमा पनि भनियको थियो अहिले नीति र कार्यक्रममा आको छ वास्तवमा यो ठिक छ किनभने हाम्रो यो धेरै जङ्गलहरु त्यहा रुखहरु ठुलाठुला छन त्यहा जङ्गलहरु खालि छ त्यसमा हामिले फलफुलका विरुवाहरु लगायर जडिबुटि लगायर हामिले सम्पन्न बनाउन सक्छौ हामिले जग्गाको क मि छैन हामिसँग माईन्ड अब यो कहिकतै बाट साटेर राम्रो बनाको हो भने त गाह्रै होला तर दिमाग तर कुनै पनि मान्छेले सुभोवन दिदाखेरि कार्यक्रम दिदा खेरिमाईन्ड सेट गरेर उसको पलान बनायर २/४ दिन लगायर यकदम राखेको कुरा हो भने यति मात्र माक पनि काफि हुन्छ हाम्रो यसको लागि यो बनलाईहामिले प्रयोग गर्न सक्छौ यक स्थानिय तहमा औद्योगिक ग्राम भन्ने कुरा छ औद्योगिक ग्राम भन्नाले त यो ठुलै कुरा होला तर हामिले २ वटा औद्योगिक क्षेत्रकुरा गरेका छौ कञ्चनपुरमा र कैलालामा भन्ने केन्द्रले कुरा गरेको छ बजेट अहिले सुनियको छैन यसमा पनि हामिले पटक पटक कुरा राखेकै छौ यउटा राम्रो हामिलाई उद्योग चाहियको छ केन्द्रले पनि प्रत्येक ठाउमा ग्रामीण उद्योग भनेर १३० वटा राखिसकेको छ त्यसकारण यो बढाउन आवश्यक छ उज्यालो कार्यक्रम राखियको छ मुख्यमन्त्रिसँग जेष्ठ नागरिकको कुराहरु छ निर्वाचनमा उद्योग क्षेत्रको कुराहरु राखेको छ जम्मै कुराहरु राम्रा छन अलिकति यसमा घण्टि पहेला बलिसक्या देख्या हुनाले यो बैज्ञानिक बनको कुरामा चाहि केन्द्रमा बैज्ञानिक राखेको छ यहा चाहि देखेन यो नपढ्न पायर हो कि त्यो बैज्ञानिक बनको नाममा चाहि बनलाई सखाप पारने नीति बनाईयको छ त्यसमा कर्मचारि तन्त्र यकदम हेभि भयको छ हामि अस्ति अर्थ समितिका त्यहा बन लकाट यसको बिबादचाहि सुल्झाउला गरौला भन्दा भन्दै त्यो देखियको छ केन्द्रबाट १५ गते सम्म त्यो अहिले कुनै पनि ठाउमा काटने र ओसार्ने कामहरु बन्द गर भन्दा भन्दै पनि अहिले हजारौ रुखहरु काटेको खबरहरु आयको छ त्यसारण बनलाई यउटा रुख पिचबाटोमा यउटा रुख परेको छ भने हाम्रो काट्न तयार छैनन् तर बनलाई छर्पट काट्ने कामहरु भैरहेको छ यलाई अब आगामि दिनमा हामिले कम्पिलिट्लि रोक्पर्ने छ जुन किसिमले दिगो बैज्ञानिक भन्ने छ जुन चाहि ब्यवस्थापन १० % काटने कि २०% काट्ने तर सर्पट काटने कुरामा चाहि हामिले रोक्नुपर्ने छ यदि हामिले रोक्न सकेनौ भने हामिसँग जे त्यसमा हामिले सफलता लिने हो हामिसँग के छ त हामिसछग बन छ हामिले बेच्ने कुरा के हो हामिसँग बन छ हिमाल छ हामिसँग नदि छ हामिसँग के छ त्यहि नै बेच्ने हो त्यसकारण हामिसँग के ज्ञान छ के सिप छ त्यसलाई नै अगाडि बढआयर गर्नुपर्ने छ यो बनलाई हामिले जसरि पनि आगामि दिनहरुमा यलाई कृषिको रुपमा प्रयोग गरेर अगाडि बढाउनुपर्ने छ र यलाई बैज्ञानिकको रुपमा बनको रुपमा यो गरेर यो देशलाई हाम्रो सुदुरपश्चिमलाई बिशेस गरेर सखाप पार्ने काम भैराखेको छ यो चाहि बन्द गर्नपर्छे भन्ने कुरा राख्दै मेरो भनाई अन्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय श्यामलाल राना**

माननीय सभामुख महोदय, हाम्रो सुदुरपश्चिम प्रदेश सरकारको तर्फबाट आर्थिक बर्ष ०७७/०७८ को बार्षिक कार्यक्रम नीति तथा कार्यक्रम प्रस्तुत भएको छ माननीय प्रदेश प्रमुखज्यूबाट भएको छ । यो बजेट बक्तब्य आउनुभन्दा पहिले बजेट कस्तो हुने भन्ने कुराको लागि कार्यक्रमको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो परम्परा नै रहि आएको हुनाले यो आउनु स्वाभाविक पनि हो र आर्थिक बर्ष यो ०७७/०७८ को नीति तथा कार्यक्रमलाई हेर्दा खेरिमा धेरै कुराहरु नया पनि थपियका छन र राम्रो पनि देखिएको छ । मैले आ.ब ०७४/०७५ को नीति तथा कार्यक्रम देखि सवै यो नीति तथा कार्यक्रमलाई भिडाउदा खेरिमा के देखियो भने यि कुरालाई हामिले संक्षेपमा ०७४/०७५ मा पनि सम्बोधन नगरेको कुरा छैन ०७४/०७५ मै हामिले नागरिकका मौलिक हकका कुराहरु राज्यको नीति निर्देशनका सिद्धान्तका बिषयमा दिगो बिकासका सवालमा हामि यकदमै बोलेको छ र सबैको नीति तथा कार्यक्रममा केहि कुराहरु भएका, केहि छुटेका र थपिदै गएका कुराहरु आज सम्मको परिस्थितिमा आउदा हाम्रा धेरै कुराहरु समस्याका कुराहरुलाई समस्याकै रुपमा राखियका छन समाधन हुन नसकेर अहिलेको नीतितथा कार्यक्रम त्यसकारणले ५३ बुदाको भयको जस्तो मैले महशुस छ समस्याको पोको भएर आयको छ त्यसकारणले हामिले जे जति गर्न सक्छौ त्यसलाई हामिले ठोस कदमको रुपमा अगाडि बढआउनुपर्छ भन्ने मेरो सुझाब छ र सरकारले धेरै कुराहरु गर्नुपर्छ भन्ने चाहाना त राखेको छ नीतितथा कार्यक्रमले के प्रस्तुत गरेर देखाउछ भने धेरै कुराहरु राखे तर यसलाई यो चाहानालाई पुरा गर्नको लागि खालि कोरा  ईच्छा भएर मात्रै हुदैन यसलाई हामिले प्रबल ईच्छा बनायर अगाडि बढाउनुपर्छ हामि यो चाहनालाई पुरा गर्नको लागि कति त्पर देखियौ भन्ने कुराहरु बिगतका कार्यक्रमले देखाईसकेको छ त्यसकारणले अहिलेका कार्यक्रम जुन नीतितथा कार्यक्रम प्रस्तुत भयको छ यसमा मलाई के लाग्छ भने कार्यक्रम हिजो पनि थिय बिगतमा पनि कार्यक्रम नआयका छैनन् तर ति कार्यक्रमलाई अलिकति मोडिफाइ गरेर नारा हरु चाहि बढि बनायको छ नाराहरु अत्यन्तै बढायको छ सुरुमा हामिले २-३ वटा माला देख्यौ त्यसपछिको कार्यक्रम नीतिमा हामिले ५-७ वटा र अहिले त हेर्दा १५-२० वटा नारा तयार गरेको छ अब यो नारा कसरि पुरा गर्ने त्यसकारणले कार्यक्रम ठिक देखियको छ अब तत्परता यसमा सरकारले देखाउनुपर्यो यलाई बढाउनुपर्यो र खासगरि अहिलेको अवस्थामा हाम्रो समस्या देखियको छ जुन कोरोना भाइरसको बारेमा यसलाई चाहि बढि केन्द्रित गरेर कार्यक्रम अबको बजेट ल्याउनुपर्छ र यसलाई जोडेरका बिषय बस्तु बेरोजगारको समष्या खाद्यान्नको भोकमरि को समस्या समाधान देखि लियर आगामि कार्यक्रम योलाई हामिले उपयोगि बनाउनको लागि हामिले अगाडि बढाउनुपर्छ र यउटा पुर्वबक्ता माननीय ज्युले यो गाईको सम्बन्धमा कुरा उठाउनु भो मैले धेरै ठाउमा यो कुरा बोलेको छु वास्तवमा हाम्रो यो अब अहिले यो धर्मनिरेपक्षता भनेता पनि हामि भनेका नेपाल यो मुलुक भनेको हाम्रो हिन्दुराष्ट्र हो त्यसकारणले अहिले गाईको बिजोग भयको छ यो गाई पालनको लागि हामिले अहिले हलिकति भत्तासमेत जोड्दियो भने गाई पालन गर्ने मान्छेलाई

अलिकति भत्ताको ब्यवस्था भयो भने यो कार्यक्रम ल्याईदियो भने अहिले २/४ गाई पाल्न नसक्ने किसान हामिसँग कोई छैन होला त्यसकारणले कि सडकमा छटपटिरहेका गाईहरुलाई पनि समातेर ल्याउन सक्ने वातावरण हामि सिर्जना गर्न सक्छौ अहिले बिजोग छ यक त यिनको कारणले दुर्घटना भैराखेको छ बालिनालि क्षति भयको छ त्यसकारणले यि धेरै समस्याहरु समाधान हुन्छन मलाई लाग्छ धेरै ठाउमा त यो गाई पशु छाडाका कारणले मानिसहरुले सुत्न पाईराखेको अवस्था छैन रातदिन जागाराम गर्नु पर्ने अवस्था छ त्यसकारणले यो समस्या पनि हामिसँग ठुलो भयको कारणले यलाई पनि कार्यक्रममा समेट्दा राम्रो हुन्छ र अबको दिनमा हामिले आध्यात्मिक कुराहरुलाई बढावा दिनका लागि पनि कार्यक्रमले बोल्दुपर्छ किनभने यहा देखियो कि धेरै सम्पतुका लोभमा हामिले बिदेश गयर मात्रै हुदैन सन्तृष्टि लिनुपर्छ यसलाई ज्ञान कसरि बढाउने यसको हामिले जनतालाई कसरि सचेत गराउने यस प्रति पनि कार्यक्रममा आउनुपर्छ यसलाई पनि अलिकति हामिले बजेट ब्यवस्था गरेर अगाडि बढाउनुपर्छ र धेरै कुराहरु यसमा आयको छ मलाई लाग्छ यो हामिले सवै कुराहरुलाइ यकदम सफलताका साथमा हामिले गर्न सक्यो भने केहि परिवर्तन अवश्य पनि देखिन्छ तर अहिलेसम्मको छाटकाटँ हेर्दाखेरिमा सरकारले गरेका क्रियाकलाप हेर्दाखेरिमा अब कसरि बिश्वास गर्ने यति धेरै कार्यक्रम गर्नुहुन्छ त्यसकारणले यो कुराहरु जति आयको छ यलाई हामिले यकदम पालना गर्न सक्यो भने कार्यक्रमलाई हामिले बजेटमार्फत हामिले लागु गर्न सक्यो भने अवश्य पनि यसले महत्वपुर्ण भुमिका खेल्न सक्छ यो कार्यक्रम तथा नीतिले र केहि कुराहरु थप यहा राम्रो कुरा पनि आयको छ र केहि अब हुनसक्ने हो कि होईन भन्ने खालको त्यो खप्तड , मालिका, रामारोशन मा सुबिधासम्पन् गल्फ कोष र हकि खेलको साथै साहसिक खेलको सम्भाब्यता अध्ययन गरिने छ भन्या छ अपि सैपाल देखि ब्यास लगायतका बारेमा हिमालय आरोहण साहसिक पर्वतारोहणको उपाधार भन्ने कुराहरु गरियको छ यो बाहेकको पर्यटनका बिकासहरुको सम्भाब्यता अध्ययनका कुराहरु च बिबिध यो सम्पदाहरु को अध्ययनको लागि हामिले बिगतका कार्यक्रमहरुमा पनि मलाई लाग्छ यो भन्दा अगाडि का आ.ब हरुमा हामिले धेरै सम्भाब्यता अध्ययनका लागि हामिले बजेट छुट्यायका छौधेरै रकमहरु छुट्याका छौ त्यो सम्भाव्यता अध्ययन कति भयो त्यो चाहि अहिले सम्म मलाई लाग्छ जानकारि गराईयको छैन र अझै पनि सम्भाब्यता अध्ययन मात्रै गर्ने हो कि यो कामै गर्ने हो हब यउटा भनाई के हुन्छ भने मुखलाई चना छैन लिपिष्टिकका कुरा त्यसकारणले अब यो धेरै लामा कुराहरु गर्न जरुरि छैन त्यसकारणले सभामुख महोदय, अब यो लामो होस भन्ने म यकदम सरकारको अनुरोध गर्न चाहान्छु र कार्यक्रमलाई बजेट मार्फत ठोस कार्यक्रम हामिले कसरि गर्न सक्छौ यसको लागु गर्न सक्छौ यो नै महत्वपुर्ण कुरा भयकाले यसमा सरकारको ध्यान जावस मलाई लाग्छ हामिले बिगतमा धेरै कुरागरु गर्यौ बजेटमा पनि ल्याये अहिले हेर्दाखेरिमा कोरोना त चेतमा आयको छ त्यो भन्दा पहिले हामिले सानासान योजना पनि लागु गर्न नसकेको अवस्था छ अब अहिले आषाढ मसान्त आईसक्यो सानासाना योजनाहरु पनि छुट्ने वाला छन अब ठुलाको त कुरै छोड्दिउ त्यसकारणले अझे यो कोरोना कतिसम्म लम्बिने हो अझै ६

महिना साल रह्यो भने यो सबै कार्यक्रमहरु अब भोकवाट जोगाऔ रोगबाट बचाऔ भन्ने नारा छ यसैलाई मात्र लागु गर्ने पर्ने हो कि जस्तो लाग्छ मलाई यो नै महत्वपुर्ण बिषय हो त्यसकारणले अरु नाराहरु अब कार्यक्रम हामिले बिगतमा पनि राख्या छौ नमुना गाउ आफै बनउ कृषि सँग अब यो अलिकति मोडिफाई गर्या छ भन्ने मैले खोज्या हो होईन भने हामिले हिजो पनि योसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालित हाम्रा नीति तथा कार्यक्रममा आईसकेको अवस्था छ त्यसकारणले अब त्यलाई अब नारामा परिणत गर्यो हामिले अब नारालाई कसरि यो सफल बनाउने हो भन्ने कुरा महत्वपुर्ण कुरा छ त्यसकारणले यसमा सरकार यकदम ईमान्दारिताका साथमा अगाडि बढ्नपर्ने अवस्था छ यहा अलिकति के देखियको भने सरकारले चाहदा चाहदै पनि गर्न नचाहेको हो कि त्यो नियत पनि यस्तै हो कि भन्ने जस्तो लाग्छ त्यसकारणले अब नियत लाई पनि हामि ईमान्दारिता बदल्नुपर्छ भन्ने भनाई राख्दै यो नीतितथा कार्यक्रम लाई बजेटमा पनि हामिले राम्रो सँग सदुपयोग हुने खालको हामिले बजेट ल्याउनुपर्छ भन्ने भनाई राख्दै आफ्नो भनाई यहि राख्छु धन्यवाद ।

**माननीय बलदेव रेग्मी**

माननीय सभामुख महोदय, आ.ब २०७७/०७८ को नीति तथा कार्यक्रममा मेरो भनाईहरु राख्न चाहान्छु । बिशेस त हाम्रो लामो लडाईको उपल्बधिको रुपमा संघियता ब्यवस्थाको बिचको व्यवस्था हाम्रो यो प्रदेश सरकार छ । प्रदेश सरकारले अहिले जुन जनताका आफ्नो उपस्थिति र आन्दोलनको प्रभावलाई हाम्रो उपलब्धिलाई संस्थागत गर्नको लागि पनि महत्वपुर्न जिम्मेवारी छ । अहिले हामि सबै एकजुट भएर अगाडि बढ्नुपर्नेछ । संघियता कार्यन्वयनको अवस्थामा भएको कारणले पनि आज हामिले सिँहदरवारको अधिकार गाउगाउमा र प्रदेशमा ल्याउने खालको जुन खालको ब्यवस्था भयको छ । अहिले बिशेस गरेर अहिले हामिले सानातिना प्रदेश सरकारको प्रभाव पर्न नसक्ने ठाउमा हामिले प्रदेश सरकार मार्फत केहि बिकास निर्माणका कुराहरु पनि महत्वपुर्ण भुमिका प्रदेश सरकारले खेलेको छ मलाई खुसि लागेको छ आज यो नीतितथा कार्यक्रम प्रस्तुत भैरहदा सबैतिर नीतितथा कार्यक्रमको स्वागत अगाडिका पुर्बबक्ताले पनि यक खालको हौसला दिनुभयको च यसका लागि म उहाहरु सबैलाई धन्यवाद दिन चाहन्छु बिशेस गरेर नीतितथा कार्यक्रमा धेरै कुराहरु समेटियका छन अब समट्ने क्रममा केहि कुरालाई निरन्तरा दियका छन र केहि छुटेका पनि चन त्यलाई यक प्रकारले आवश्यकताका रुपमा अगाडि बढाउने छ बिशेस गरेर यो राजधानिको सन्दर्भमा गत बर्ष पनि बनाउने मात्र थियो भने यसपाला हरित प्रदुषण मक्त भन्ने र सुरक्षित करिडोर सहितको प्रदेश राजधानि स्थापनाका लागि पुर्वाधार निर्माण भन्ने कार्यक्रम महत्वपुर्ण कार्यक्रम ल्याको छ प्रदेश अनुसन्धान ब्युरोका लागि कानुनि संरचना स्थापना गर्ने सुदुरपश्चम प्रदेश सरकार अनुसन्धान तर प्रस्तिको स्थापना गर्ने संघ प्रदेश र स्थानिय सरकारको साझेदारिमा केहि स्थानिय तहमा १५ सैयाको अस्पताल निर्माण गर्ने कार्य प्राकृतिक बिपत र न्युनिकरण गर्न प्रदेशका सम्पुरण घर धुरिलाई बिमाको दायरामा समेट्ने ब्यवस्थआ बिसेस गरेर अहिले हाम्रो सामु

फैलियको माहामारि कोरोना ककोभिड १९ को माहामारिको न्युनिकरण गर्न यस महामारिको संक्रमणबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रलाई पुनर्जिवित दिने कार्य प्रदेश सरकारले आवश्यक सबै प्रकारको पहल कदमि गर्ने छ त्यसतै कोभिड १९ संक्रमण प्रभावले स्वदेश तथा बिदेशबाट रोजगारि गुमायका ब्यक्ति आयआर्जन बढाउनका लागि आर्थिक गतिबिधि अगाडि बढआउने छ रोग बाट वचाऔ भिकबाट जोगाऔ भन्ने मुख्य नारा लियर अगाडि बढायको छ अहिलेको सन्दर्भमा कामका लागि खाद्यान्न सञ्चालन नीतितथा कार्यक्रममा समेटियको छ रोजगार स्वरोजगार बिकास कोषमार्फत बिना धितो ऋण प्रदान गर्ने नीतिसमेटियको छ यउटै सृष्टि समान दृष्टि भन्ने कार्यक्रम पनि समेटियको छ साना तथा गरिब किसानलाई कृषि ऋण उपलब्ध गराउने कार्य नीतितथा कार्यक्रममा समेटियको छ यो पनि धेरै स्वागत योग्य कुरा छ भुमिहिन व्यवसायिक कृषकलाई कृषि पेसामा सहयोग पुर्याउन भुमि बैंकको स्थापना गर्ने कुरा पनि महत्वपुर्ण कार्यक्रम आयको छ प्रदेशको उच्च हिमालि पार्टनमा बृहत व्यवसाहि चौरि भेडा च्याङ्ग्रा पालना ठुला फर्म स्थापना कार्यक्रमलाई म हारदिक धन्यवाद दिन चाहान्छु यले पहाडि हिमाली मा सम्भावित योजनाहरु अगाडि बढायको छ कृषकसँग कृषि बिद्यार्थि कार्यक्रम धेरै बिद्यार्थिहरु जो कृषि बिषय पढेर बेरोजगार बसेका छन र गाउमा यक खालको कृषि प्रबिधि छैन प्राबिधिक छैनन् त्यो खालको असाध्यै महत्वपुर्ण कार्यक्रम छ मेरो बिशेज्ञता मेरो प्रदेशको लागि कार्यक्रम अन्तर्गत चिकित्सा र उच्च शिक्षामा नीति कार्यक्रमलाई पनि प्रदेश सरकारको नीति कार्यक्रम समेटेको छ स्वास्थ्य सेवा सुदृकिकरण कार्यक्रम ९ वटै जिल्लाको स्तर उन्नति यले गर्दा खेरि ९ वटै जिल्लामा स्वास्थ्य सेवा पाउने खालको कार्यक्रम प्रदेश सरकारले नीतिकार्यक्रम मा समेटेको छ यक बिद्यलाय यक नर्स यक योग गुरु स्थानिय तह  सञ्चालन भन्ने कार्यकरम ल्यायको छ प्रदेश गाउ उज्यालो बनाउ कार्यक्रम बिशेस गरेर ग्रामिण तथा दुर्गम क्षेत्रमा जल स्रोत तथा बैकल्पित उर्जाको सम्भाव्यता अध्ययनकोकार्यक्रम अहिले यो पनिनीतितथा कार्यक्रममा आयको छ यसकोलागि म धन्यवाद दिन चाहान्छु जल स्रोतमा लगानि नागरिकको आम्दानि नीति पनि यकदम स्वागत योग्य कार्यक्रम छ नौ वटै जिल्लामा कम्तिमा यकयक वटा आधुनिक सहरहरु सञ्चालन गर्ने कार्यक्रम पनि नीतितथा कार्यक्रममा समेटियको छ रोगबाट बचाऔ सुदुरपश्चिम बिज्ञान तथा प्रविधिको कार्यक्रम पनि नीति तथा कार्यक्रम पनि नीतितथा कार्यक्रमा आयको छ स्थानिय तहसँगको समन्वयमा जो दुर्गम क्षेत्रका स्थानिय तहमा जो हेलिप्यागको स्थापना गर्नाको लागि पनि नीतितथा कार्यक्रममा आयको छ जडिबुटि भण्डारणको लागि पनि प्रदेश र जिल्लामा आधुनिक भण्डार केन्द्र गर्ने कार्यक्रम गरेको छ यसरि धेरै राम्रा नीतितथा कार्यक्रमा जोडियका छन  यसको कार्यान्वयनमा हामि सवैको जवाफदेहिता सरकारले पनि केहि बिशेस कार्यक्रम हरु छुट भयका छन त्यसमा म केहि सुझाव दिन पनि चाहान्छु प्रदेश राजधानि गेटा बाट जुन यस प्रदेश भित्रको जुन आन्तरिक हवाई सेवा सञ्चालनका लागि पनि निरन्तरता दिन पनि म सुझाव दिन चाहान्छु त्यसतै कर्णालि चिसापानी लाई हुम्ला जमुना देखि

हिल्सा नाकासम्मको कर्णालि करि डोरमा जोड्नका लागि केहि ब्यवस्था गर्नि त्यो पनि नीतिकार्यक्रममा आउन जरुरि छ त्यस्तै यो भन्दा अगाडि जल मार्ग सम्भाव्यता अध्ययनका लागि कर्णाली सेति र महाकालिमा जल मार्ग अध्ययनको कार्यक्रम आयको थियो त्यलाई पनि निरन्तरता दिन आवश्यक छ बिशेस गरि चिसापानी देखि हुम्ला जिल्लाको सिमाना कावाडि सम्म यो जल मार्ग सञ्चालनका सम्भावना अध्ययन कार्यक्रम समेट्नका लागि म अनुरोध गर्न चाहान्छु बिशेस गरेर सरकारको नीतितथा कार्यक्रममा सवै महत्वपुर्ण कार्यक्रमहरु समेटेयिका छन यसका लागि म प्रदेश सरकारलाई पुन हार्दिक धन्यवाद दिदै मेरो भनाई यहि राख्ने अनुमति चाहान्छु धन्यवाद, अभिबादन

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, आज हामि २०७७ र ०७८ प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा छलफल गर्दै छौ । यो भन्दा पहिला पहिला हामिले ०७४/०७५, ०७५/०७६ यउटा आंशिक र २ वटा पुर्णकालिन र यो तेस्रो यो सरकारको नीतितथा कार्यक्रममा हामिले छलफल गर्दै छौ बिगतका ०७४ देखि ०७७ सम्मका सवै नीति कार्यक्रम बडा राम्रो थियो यसपालिको १०१% राम्रो छ १०१% मैले किन भने गत बर्ष ३ वटा नीतिकार्यक्रममा कोरोना थियन यसपालि कोरोना तपियो त्यसकारणले १०१ मैले भनेको हो सरकारलाई शुभकामना छ धेरै राम्रो नीति तथा कार्यक्रम ल्याउनु भयको छ नीति कार्यक्रम नराम्रो हुदैन राम्रै हुन्छ बडामिठा शब्द लेखेको हुन्छबडा राम्रा हुन्छन तर कार्यान्वयन गर्दा खेरि ०७४/०७५ देखि ०७७ सम्मका थोरै मात्रै काम भका छन बाकि जम्मै भयका छैनन् त्यसकारणले अब यसपालि यो ०७७/०७८ को नीति कार्यक्रम छ यहि अनुसार बजेट बिनियोजन हुनुपर्छ र यो कार्यान्वयन हुनुपर्छ यो सरकारलाई शुझाब हो अलिकति म यहा अस्ति मात्र यो प्रदेश हाम्रो प्रदेश प्रमुखले चाहि हाम्रो सरकारले गरेका नीतिकार्यक्रम र बजेटका बारेमा यहा गर्नभो यहा ८ मा कोभिड १९ को न्युनिकरण तथा रोकथामका लागि बिभिन्न सषयन्त्र हरुको निर्माण गरि प्रभावकारि रुपमा लागु गरियको छ भनेर यहा भन्यो प्रभाव कारि भनेको के हो मैले थाहा पाउन सकेन बुज्न सकेन ईन्डियाबाट दिनहु ३ हजार, ४ हजार हाम्रो यहि गौरिफन्टा बाट आउछन कति गड्डाचौकिबाट आउछन गति माथि भारतका नाकाहरुबाट आईरहेका छन अब यिनिहरुलाई हामिले ट्रकमा कोचेर मैले यो क्याम्पस रोडमै बस्छु ट्रिप्परमा मान्छेहरुलाई बाख्रा हुले जस्तै त्यहा ल्यायर हुलिन्छ यो यउटै कोठामा सयौ बस्न वाध्य छ त्यहा अनि यहा भनियको छ रोकथामका लागि बिभिन्न षडयन्त्रहरु निर्माण गरि परिचालन गरियको छ त्यहा वडा प्रतिनिधि पुग्ने सरकारको प्रतिनिधि पुग्दैन अब यो प्रभावकारि कहा छ मलाई थाहा भयन मेरो आफ्नै गाउमा पनि स्कुल छ त्यहा क्वारेन्टाईनको व्यवस्था गरियको छ प्राय सवै गाउको स्कुलहरुमा क्वारेन्टाईनको ब्यवस्था छ कुनै पनि स्कुलमा ब्यवस्था छैन पानि छैन त्यहा यक गिट्टि साबुन हुदैन त्यहा अनि हामि भन्चौ प्रभावकारि षडयन्त्र हामि बनायका छौ यो बिल्कुलै भयको चैन त्यसकारण सरकारलाई मेरो सुझाव हो आग्रह पनि हो अब

हामि जति भित्र्याई सकेको छौ धेरैलाई कोरोना ल्याईसकेको छ यो अहिलौको जुन परिक्षणको सर्वैले देखाईरहेको छ ईन्डियाबाट आउने धेरैको पोजेटिभ देखिराखेको छ त्यसकारणे क्वारेन्टाईनमा बसेकालाई हामिले ब्यवस्थित बनाउ सुरक्षित बनाउ र उनिहरुलाई त्यहा परिक्षण गरेर मात्रै घर पठाउ आरडिटिबाट हामिले गरेर भय पनि परिक्षण गरेर हामिले घर पठाउने गरौ हाम्रो यस प्रदेशका मुख्यमन्त्रि जि हुनुहुन्छ यकचोटि सक्नुहुन्छ भने अप्ठ्यारो यदि भयन भने यक दिन २ दिन क्वारेन्टाईनमा सर्र घुम्नुस मुख्यमन्त्रि ज्यु र त्याहाको हालत के छ तपाई हेर्नुस र त्यसपछि प्रभावकारि ढङ्गले यो प्रदेसको सरकार छ यो प्रदेशको मुख्यमन्त्रि म छु म हु भन्ने किसिमको जनतालाई आभास दिलाउनुस ०७४ देखि ०७७ सम्मका बिकासका कामहरु र यो ०७७पनि९९% बिकासका कामहरु भयका छन धेरै माननीयहरु बिकास भयन भन्नु हुन्छ ९९% खर्च भैसकेको छ अब १% मात्रै खर्च हुन बाकि छ र यो अब जेठको आज २८ गते हामि पुगिसक्यौ अब असारको १५ गते फछ्र्यौट गर भन्छ यउटा कुन बाकि छ भने पर्यटन ईकाईको बिकासको सानासाना यि मन्दिरका पर्खालहरु छन मस्जिदका  पर्खालहरु छन गुम्वाका पर्खालहरु छन यो चाहि अहिले सम्म हुन सकेको छैन यो भयो भने १००% हुन्छ फेरि यो २१ गते हामि जेठको पुगिसक्यौ अब १ हप्ता छ असार आउन अबअहिले सम्म नहुन भनेको कहिले हुने हो यो मन्त्रि ज्यु हास्दै हुनुहुन्छ यदि साच्चिकै तपाई यो कुरालाई बोर्ड गर्नुहुन्छ भने चाडोँ भन्दा चाडो यस्ता सानासाना ५ लाखका १० लाखका योजनाहरु छन चाडो बोलाउनुस र यो यकमहिना भित्र दिनरात गरेर पनि गर्न सक्छ गराउनुस अनि १००% पुरा हुन्छमाननीय सभामुख महोदय, यसपालिका नीतिकार्यक्रम बडा राम्रा छन का छन अब कार्यान्वयन चाहि अब हामिले यकदमै जिम्मेवार भएर कार्यान्वयन हामि गरौयो केहि छुटेका योजना हरु यो कार्यक्रममा र केहि महत्वकांक्षी योजना हरु पनि छन भन्नै पर्छ यो गत बर्ष पनि थ्यो यो यक ब्यक्ति यक खाता भन्ने यो खाता अहिलेसम्म खुलेको छैन जस्तो मलाई र अहिले यसपालि चाहि बालिका हरुको लागि चाहि बिमा भनेको छ यो त कोरोनाको चपेटामा हामि छौ यस्तो महामारिको बेला यो बिल्कुलै हुदैन मेरो बिचारमा यो हुनै सक्दैन त्यसकारणले हुनै नसक्ने कुरालाई हामिले ल्यायर लोभ्यायर यो गर्ने काम  ठग्ने काम हामिले गर्नुहुन्न सरकार अब गम्भिर बन्नुपर्छ यो ढाट्ने काम अब गर्नुहुन्न मेरो सुझाब हो धेरै राम्रा राम्रा छन पुरा होस सरकारले बोलेका नीतिकार्यक्रम यो ०७७/०७८ भित्र सबै काम पुरा होस मेरो शुभकामना हुन्छ र अन्तमा माननीयहरुले धेरै कुरा राख्नुभयको छ त्यसलाई म दोहोर्याई तेहेर्याई भन्न चाहान्न अन्तमा यउटा सानि बिदाईको कबिता म वाचन गर्न चाहान्छु त्यसपछि म आफ्नो भनाई अन्त गर्न चाहान्छु सभामुख महोदय, धेरै कुरा आईसक्यो यहाँ ०७४ ०७५ देखि शुरुभयका कुरा हुन या कुनै नया छैन शान्ती शुसान कायम भयो सवै जातिय बिभेद अन्त भयो सबै भ्रष्टचारि बलत्कारिको कारबाहि भयो  भनि म सन्दै छु रे सुदुरपश्चिम समृद भयो भनि म सुन्दै छु रे अब त सुदुरपश्चिम न १ प्रदेश भयो भनि म सुन्दै छु रे बेरोजगारको अन्त भयो यक नित्वाचन क्षेत्र २/२ वटा उद्योग स्थापना भयो यो पनि म सुन्दै छु रे सुदुरपशच्म समृद भयो भनि म सुन्दै शु रे अब त सुदुरपश्चिम न १

प्रदेश भयो भनि म सुन्दै छु रे दुध दहि प्रश्सत भय फलफुल लटरम्म फले सवै किसानहरु तालिम पाय भनिम सुन्दै  रे सुदुरपश्चिम समृद प्रदेश भयो भनि म सुन्दै छु रे अब त सुदुरपश्चिम प्रदेश न १ प्रदेश भयो भनि म सुन्दै छु रे प्रदेश बस सञ्चालन भयो पसल खोल्यो यक ब्यक्ति यक खाता खोल्यो भन्ने म सुन्दै छु रे सुदुरपश्चिम समृद प्रदेश भयो भनि म सुन्दै छु रे अब त सुदुरपश्चिम प्रदेश न १ प्रदेश भयो भनि म सुन्दै छु रे सडक हरु चिल्ला भयो सिचाईको ब्यवस्था भयो भनि  सुन्दै छु रे सुदुरपश्चिम समृद प्रदेश भयो भनि म सुन्दै छु रे अब त सुदुरपश्चिम प्रदेश न १ प्रदेश भयो भनि म सुन्दै छु रे क्वारेन्टाईन व्यवस्थित भयो खाना पनि पिसिआर परिक्षण धेरे भयो भयो भनि  सुन्दै छु रे सुदुरपश्चिम समृद प्रदेश भयो भनि म सुन्दै छु रे अब त सुदुरपश्चिम प्रदेश न १ प्रदेश भयो भनि म सुन्दै छु रेधन्यवाद

**माननीय मान बहादुर धामी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको आ.ब ०७७/०७८ को नीति तथा कार्यक्रम माथि यो सम्मानित सदनमा छलफलमा छौ । सबै भन्दा पहिले त सुदूरपश्चिम प्रदेश सरकारलाई बिशेस धन्यवाद दिन चाहान्छु । आर्थिक बर्ष ०७७/०७८ को नीतितथा कार्यक्रम सदन समक्ष प्रस्तुत गर्नु भएकोमा खास गरेर सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रमले अझै भोलिको दिनमा बिगगतको समिक्षालाई ग्रहण गरेर यसले अझै मृत रुप ग्रहण गर्ने छ र सुदूरपश्चिमको समग्र सुखि नेपाली समृद नेपालको लक्ष्यलाई चुम्नको लागि सुदूरपश्चिमले पनि एउटा अंशको रुपमा काम गर्ने छ र त्यो कोसे ढुङ्गा हुनेछ भन्न पनि म चाहान्छु । माननीय सभामुख महोदय, सु. प प्रदेश सभाको नीतितथा कार्यक्रमले अहिले को बस्तुलाई चुमेको छ यो नीतितथा कार्यक्रमले सुदुरपश्चिम प्रदेश सरकारले नीतितथा कार्यक्रम प्रस्तुत मात्र गरेको छैन सुदूरपश्चिम को भविश्यको एउटा मार्गदर्शक सिद्धान्त पनि यहा प्रस्तुत गरेको छ त्यसकारण यो नीतितथा कार्यक्रम संघिय सरकार संघिय संबिधान अनुसार मैले देखिराखेको छु यसले तिन खम्बे नीतिलाई पनि अवलम्बन गरेरको छ र यसले बर्तमान परिस्थितिको कोरोनाभाईरसको जुन विश्व भरि यउटा भयाभह अबस्था थियो यो अवस्थालाई पनि यसेप्ट गरेको गर्हण गरेको छ र त्यसको चुनौतिको सामना गर्ने लक्ष्य पनि लियको छ त्यसकारण म पुर्ण रुपमा यो नीतितथा कार्यक्रमको समर्थन गर्न चाहान्छु खास गरेर लिम्पियाधुरा लिपुलेक र कालापानी क्षेत्र लगायत सुदुरपश्चिमको सिमाना नाकामा बिशेस प्रकारको प्याकेजको व्यवस्था गर्ने र यहा सर्बप्रथम उल्लेख गरियको छ त्यसकालागि दार्चुला वासि आदर्णिजन समुदायका तर्फबाट सु.प प्रदेश सरकारलाई बिशेस धन्यवाद दिन चाहान्छु र अझै बजेटमा यलाई यकिन गर्दाखेरि व्यास गाउपालिकाको वडा न. १ लाई बिशेस फोकस गरेर जादाँ खेरि उपयुक्त हुनेछ भनेर म सुझावको रुपमा दिन चाहन्छु त्यसै गरि सुदूरपश्चिम प्रदेश सरकारको नीतितथा कार्यक्रम मा जसरि बिगतका कार्यक्रमलाई र लक्ष्यलाई तार्गेट गरियको छ त्यो निरन्तरता सहित केहि नयाँ कार्यक्रम पनि हामिले यहा देखेका छौ । यद्यपि हामिले यसको भोलि कार्यान्वयन गर्दा

खेरि कसरि कार्यान्वयन हुन्छ र हामिले यसको व्यवहारिक रुप दिदा खेरि हाम्रा चुनौति केके हुने छन भन्ने सुक्ष्म ढङ्गले अझै प्रदेश सरकारले यसको अध्ययन गर्ने छ भन्ने कुरा म यहा राख्न चाहान्छु माननीय सभामुख महोदय, हामिले हेर्ने खास गरेर प्रत्येक मन्त्रालयहरुको हाम्रो सु. प प्रदेश सरकार अन्तर्गतका बिभागिय मन्त्रालयहरुको लक्ष्यहेर्दाखेरि हामिले स्वाभाविक रुपमा जो नेपाल सरकारको लक्ष्य छ दिगो बिकास लक्ष्य थियो त्यो लक्ष्यलाई ग्रहण गर्ने खआलको यो बजेट आउदो बजेटको लागि यो नीति र कार्यक्रमको तय भयको मैले पायको छु त्यसकारण ले यहाको अल्पसङ्ख्यक यहाको बिदेशबाट अहिले यो बिश्व महामारिका बेला नेपाल भित्रियका युवाहरुलाई रोजगार दिने स्वरोजगारसँग जोड्ने कुराहरु चाहे मुख्यमन्त्रि स्वरोजगार कार्यक्रम हुन चाहे मुख्मन्त्रि कृषि कार्यक्रम हुनति कार्यक्रमले यउटा दिगो बिकास लक्ष्यलाई पछ्यायको छ भने अर्को तर्फ अहिलेको कोरोना माहामारिसँग लड्नको लागि स्वरोजगार कार्यक्रमलाई पनि दियको छ त्यसकारण यो सदन मलाई लाग्छ सिङ्गो रुपमा प्रतिपक्ष र सत्तापकक्ष नभनिक यो नीतिकार्यक्रमको पक्षमा छ भन्ने कुरा मैले अदभुद गरेको छु माननीय सभामुख महोदय, हामिले हेर्दाखेरि खआस गरेर यो बिगतको जस्तै हामिले बिभिन्न लक्षित कार्यक्रमलाई हेर्दाखेरि महिला जुन यकल महिला लक्षित कार्यक्रम राखेको छ यो कार्यक्रमले अझै यहाको सबलिकरणलाई निर्बाह गर्ने छ र खआसगरेर केहि कार्यक्रमहरु बिगतका कार्यक्रम छुटेको अनुभूति भयको छ खासगरेर द्वारिकादेवि महिला शशक्तिकरण कार्यक्रम थिय त्यसैगरि दलित छात्रबृतिका कार्यक्रम थिय तिनलाई अझै निर्न्तरता का साथ सु.प प्रदेश सरकारले अगाडि बढाउने छ र खास गरेर रोगबाट बचौ र भोकबाट बचाऔ भन्ने यउटा आकर्षक नारा छ तर यल्लाई हामिले ब्यवहारिक रुप दिदा खेरि बिशेस प्रकारले तलाका संयन्त्रहरुले काम गर्ने बेला सरकारले महत्वपुर्ण मध्यनजर गरेर यसको नीति र कार्यक्रमलाई ब्यहारमा जाऊदाखेरि भोलि ऐन र कार्यबिधिहरुलाई मृत रुप दिदाखेरि बिशेस महत्वकासाथ ध्यान दिने छ भण्ने म यहा बिश्वास ब्यक्त गर्न चाहान्छू माननीय सभामुख महोदय, त्यति मात्रै होईन यउटै सृष्टि समदृष्टि भन्ने यउटा सु. प को छाउपडि प्रथालाई अन्त्य गर्ने गरि नीति र कार्यक्रम आयको छ यले पनि मृत रुप पाउने छ र यहाको महिला दिदिबहिनिहरुले आफ्नो खुट्टमा उभियर स्वलम्बन भएर आफ्ना अधिकारहरुलाई अगाडि बढाउने यउटा हौसला बढायको छ भन्ने कुरा मैले यो नीति र कार्यक्रम भित्र पायको छु माननीय सभामुख महोदय, त्यतिमात्र होईन नमुना गाउ आफै बनाउ भनेर जुन कार्यक्रम आयको छ प्रदेशको खाद्यतथा पोषण सुनिश्चित गर्नाकालागि जुन कार्यक्रम छ यले पनि अहिलेको कोभिड १९ सँग यसको सम्बन्ध छ र यसको दिगो बिकाससँग पनि सम्बन्ध छ भन्ने कुरा मैले यहा पायको छु माननीय सभामुख महोदय, खास गरेर कृषिको ब्यसायिकरण र करार खेतिमा बिशैस गरेर जोड दियको नीति र कार्यक्रमले देखियको छ र कृषि भुमि बैंकको ब्यवस्था संघिय सरकारको नीतितथा कार्यक्रम र बजेटसँगै मेल खायको छ र त्यो सँगै र स्थानिय तहसँग समन्वय गर्ने त्यो खालको सम्मानित सदनलाई त अवगत गराउदै माननीय सभामुख मार्फत अनुरोध गर्न चाहान्छु र कृषि तथा भुमिहिन किसानहरुलाई सहयोग पुर्याउने यो नीतितथा कार्यक्रम

आयको छ यो म यहा राख्र चाहान्छु माननीय सभामुख महोदय, कृषकसँग कृषि बिद्यार्थि अझैयलाई प्रयोगात्मक ढङ्गले राम्रो ढङ्गले यले कार्य रुप दिन सक्यो भन्यो साच्चिकै कृषकहरुलाई ति कृषि बिद्यार्थिहरुले ब्यवसायिक ढङगको कृषकहरु उत्पादन गर्ने र ज्ञान र सिप दिने कुरामा देखिन्छ यो कृषि ज्ञान माननीय सभामुख महोदय, खास गरेर सु. प प्रदेशको सर्वाङ्गिण बिकासको लागि गरियको छ खसड देखिलिय हपिसैपालको राखियको छ त्यो लक्ष्यसम्म पुग्नको लागि हामिले बिगतमा पनि नीतितथा कार्यक्रम र बजेटमा समावेश भय र अहिलेपनि नीतितथा कार्यक्रमले पनि यलाई निरन्तरता दियको छ भने यसलाई ब्यबहारिक रुप दिनका लागि ठोस पहल कदमि केहि महिना भित्र प्रदेश सरकारले लिने छ र प्रदेश सरकारका स्टेपहरु अगाडि बढ्ने छन भन्ने कुरा मैले बिश्वास गरेको छु माननीय सभामुख महोदय, मेरो बिशेस्ज्ञाता मेरै प्रदेशका लागि भन्ने राम्रो कार्यक्रम हो र यलाई चाहि लक्षित बर्ग भन्ने कुरा हामिसँग चुनौति रहेका छन त्यो लक्षित बर्गसम्म पुर्याउनको लागि मन्त्रालयले बिशेस पहल गर्ने छ र सुदुरपश्चिम प्रदेश सरकारले बजेट मारफत सम्बोधन गर्नुपर्ने कुराहरु आउछ समग्र रुपमा सुदुरपश्चिम प्रदेश सरकारको बजेट यहाको गरिबिलाई न्युनिकरण गर्ने खालको छ यहाको जनताको आर्थिक जिबन स्तर उकास्ने खालको छ र स्वरोजगार मुलुक जुन बजेट आयको छ र यो बजेटको कार्यान्वयन हुदाखरि गर्दा खेरिप्रदेश सरकारले यो लक्षितलाई पनि टार्गेट गरेर बजेट ल्याउने छ भन्ने कुराहरु राख्दै यो आ.ब ०७७/७८ को नीतितथा कार्यक्रमको पुर्ण समर्थन गर्दै बिदा हुन्छु धन्यवाद

**माननीय देवकी मल्ल थापा**

माननीय सभामुख महोदय, प्रदेश सरकारले यो गरिमामय सदनमा यो प्रदेश सरकारको नीतितथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ ।प्रदेस सरकारलाई धेरै धन्यवाद सहित शुभकामना ब्यक्त गर्न चाहान्छू र यो नीतितथा कार्यक्रमले सार र यसकोप्रकाशमा प्रदेशका सम्पुर्ण जनताको जोडियको च र जिवन देखि त्यसैले धेरै खुसिका साथ यो कार्यक्रमलाई समर्थन गर्न चाहान्छु र यो प्रदेशमा जो समस्या छन जो जनताको अभावहरु छन त्यो स्मस्या ति अभाव सँगसँगै त्यसमा थप कोभिड १९ कोरोना प्रभावको चुनौतिहरु छ त्यो चुनौतिको ब्यवस्थापन न्युनिकरण गर्ने पनि यो नीतितथा कार्यक्रम बोलेको छ त्यो मा केन्द्रित भयको छ तर थप यसमा बजेटमा ब्यक्त भएर आउनुपर्ने कुराहरु जिल्ला स्तरका अस्पतलाहरुमा थप ब्यवस्था गर्नुपर्ने र ब्याडडहरु थप्नुपर्ने र थप अरु ब्याड थप्नुपर्ने र क्षेत्रिय अस्तपालहरु पनि हरुमा पनि यसको उपचारार्थ थप अज बजेट थप गर्नुपर्ने देखिन्छ बिदेश वाट आयका नेपालिहुरु दाजुभाइहरु बेरोजगार मान्छेहरु र स्वदेशभयका मान्छेहरुकुन जन्म र कसरि लाउने यो बजेट अब आउने बजेटमा लक्षित बर्ग र आउने बजेटमा कसरि केन्द्रित गर्ने र यहानेर मलाइ के लाग्छ भन्नुहुन्छ भने जसो बिकासको कुरा छ बिकासको कुरा खर्च गर्दाखेरि बढि भन्दा बढि मान्छेहरुलाईकसरि काम दिलाउन सकिन्छ कहि हाम्रो कार्यबिधि निर्देशिकाले अप्ठ्यारो पार्छ भने पनि आउदो बजेटमा सारा मान्छेहरुले काम पाउने गरि

कार्यबिधि सुधार गरेर त्यतातिर केन्द्रित गर्नुपर्छ बजेट उत्पादन क्षेत्रहरुमा अरु आयमुलक कामहरुमा बेरोजगार मान्छेहरुलाई बिदेशबाट स्वदेश घरियका मान्छेहरुलाई काममा कसरि लाउन सकिन्छ साच्चिकै कार्यबिधि अझै सुधारेर लाउन सकिन्छ भने म त्यातिर सरकारको ध्यानाकर्षण गराउन चाहान्छु अर्को बिषय महिलाको बिषय हाम्रा ८८ वटा स्थानिय तहमा ८८ वटा उपाध्याक्ष छन उपप्रमुख छन र महिला जनता प्रतिनिधिहरु छन साच्चिकै जो छ ५ बर्षको हाम्रो स्थानिय सरकार बन्यो प्रदेश सरकार बन्यो र जनप्रतिनिधिहरु अझ महिला जनप्रतिनिधिहरुलाई बाकस कसरि गर्न सकिन्छ यो नीतितथा कार्यक्रममा त्यो कुरा छिनियकोभय अझ राम्रो हुन्थ्यो महिलाहरुको नेतृत्वमा बिकास लिडेसिपमा बिकास त्यो खालको तालिमहरु ट्रेनिङहरु यसमा राखपाईदियको भय यले बोल्न त बोलेको छ तर अलि प्रष्ट हुन पाईदियको भय राम्रो हुन्थ्यो अझ आम महिलाहरुको हकमा शशक्तिकरणको कुराहरु महिला चेतलास्तर उठाउने कुराहरु महिला माथि हुने हरेक कुरितिका कुराहरु यि बिषयमा अझै हाईलाईट भईदियको भय हुन्थयो र मतलब केहि फोकस भयको छ बजेटमा यो कुरा हरुलाई केन्द्रित गरेर बजेटमा ब्यवस्था भएर आउनुपर्छ भन्ने माग म गर्न चाहान्छु मेले अस्ति पनि भने १० करोड बजेट महिलाको पक्षमा हुनुपर्छ सुदरपश्चिमको किनत भन्दा अधिंकाश मान्छे महिला समुदाय जो ग्रामिण ईलाकामा छन उहाहरुको बिकासको लागि उहाहरुको हरेक स्तर उकास्नका लागि बजेट त्यता केन्द्रित हुनुपर्छ जस्तो लाग्छ अर्को कुरा जस्तो हाम्रोप्रदेशमा वा केहि जिल्लाहरुमा धेरै खानिजहरु खनिजहरु तालतलैया छन हामिले उद्योग ग्रामको कुरा पनि गर्योयो नीतितथा कार्यक्रममा तर मतलब अहिले हाम्रो प्रदेशको बजेटले वा प्रदेशको पलानले त्यसको अनुसन्धान गर्ने र अध्ययन गर्ने र हामिले सकेनौ भने केन्द्रसरकारलाई माग गर्ने गरि यो सदनबाट डिसिजन गर्ने गरि केहि ठुलाकार्यक्रम हरु दिर्घकालिन कार्यक्रमहरु १० बर्षका १५ बर्षका कार्यक्रमहरु पनि यो नीतितथा कार्यक्रममा आउन पाईदिय अझै यसको गरिमा धेरै माथि रहन्थ्यो भन्ने मलाई लाग्छ तयो भयको हुदाँखेरि यो नीतितथा कार्यक्रम जो आयको छ यउटा शिक्षाअन्तर्गत के देकियको छ भन्नुहुन्छ भने शिक्षामा मा.बि स्तरको आ.भु. स्तरको शिक्षा हमिले जो निशुल्क गरि राखेको छौ त्यो त्यसैगरि जो हाम्रा प्राबिधिक धारका बिद्यालय छन हाम्रो क्षेत्रमा स्थानियतहमा पहाडका जिल्लारुमा प्राबिधिक धारका बिद्यालयलाई चल्न धेरै गाह्रो भैराखेको छ अलिकति हुनखआने मान्छेहरु सहर तिर आउछन यकदम गरिब परिवारका मान्छेहरु त्यहा पढ्न खोज्छन त्यसैले ति बिद्यालयहरु चल्न गाह्रो भैराखेको छ त्यसैले हामिले प्रा.बि, आ.बि. निशुल्क ब्यवस्था गरियको छ राज्यले त्यो अन्तर्गत सरकारले केहि सपोट हुनेगरि केहि सहुलियतहुने गरि ति प्राबिधिक धारका बिद्यालयहरु अलिकति चल्न सक्ने गरि यसमा पनि सोच्नुपर्छ प्राबिधिक धारका बिद्यालयहरुलाई सके निशुल्क बनाउनुपर्छ भन्ने काग्दछ त्यसैगरि जुन मतलब टोटलमा जो नीतितथा कार्यक्रम आयको छ यसमा समर्थन गर्दै सपोट गर्दै स्वास्थ्यको क्षेत्रमा जो कोरोना भाईरस छ यो मात्रै नभएर भोलि आउने हरेक तर्कमतलब स्वास्थ्य अवस्थाहरु हाईलाईट बिषयका जो थपिदै जान्छन आउने गर्छन भविष्यमा तिनका लागि पनि सपोट हुने गरि

अहिले स्वास्थ्यमा बढि खर्च गर्ने जिल्लामा त्यो खालको अस्पताल निर्माण गर्ने कुरामा अझै सरकारको ध्यान जावस बजेटमा त्यो ब्यक्त होस भन्ने शुभकामना दिदै बिदा हुन्छु ह्वस्त धन्यवाद

**माननीय नन्द बहादुर साउँद**

माननीय सभामुख महोदय, प्रदेश सभाको ०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सदनमा जुन प्रस्तुत भएको छ । म माननीय मुख्यमन्त्री लगायत सम्पुर्ण लाई माननीय सभामुख महोदय, मार्फत धन्यवाद सहित यसको म पुर्ण समर्थन र कार्न्वयनको सफलताको शुभकामना भन्न चाहान्छु र बिशेस गरेर यो बेला देशमा एक किसिमको लकडाउन छ । आज सम्पुर्ण हाम्रा संरचाना यथतत्र रुपमा छरिएका छन् । नागरिकमा समस्या आएको छ । आज कर्मचारि देखि लियर राजनैतिमा समन्वय भयको स्थिति देखिदैन त्यै पनि हाम्रो सरकारले आफ्नो समय भित्र जसरी चुनावको बेला आम जनताको बिचमा यले गयर बनाएको प्रतिबद्धता घोषणा पत्र र आम नागरिकलाई यहाको आन्ति सुरक्षादेखि लियर बिकास समृदसँग जोडियर अगाडि बढ्ने सपना छ र यसलाई जुन अधिकार छ त्यहा भित्र रहेर अहिलेको नीतितथा कार्यक्रम अहिले समयमा आयको छ भन्ने कुरा म यहालई भन्न चाहान्छु रयति खेर हमिले अवसर र चुनौतिको रुपमा यसलाई ल्यायका छौ आज यो रोगले गर्दा हाम्रो यो सीङ्गो जनशक्ति अहिले र हाम्रा उद्योग कलकारखाना र हाम्रा थुप्रै उद्योग आज अस्तब्यस्त अवस्थामा छन र अहिलेको मुख्य समस्या भनेको नागरिकको सुरक्षाको कुरा र रोग सँग लड्नको निम्ति र उपाचारको स्वास्थ्यकर्मिलाई उपचारको लागि समयमै सहि ठाउमा राखुपर्ने यउटा यसको चाहि रोडम्याप हो जस्तो मलाई लाग्छ त्यो हुदा अहिले बिशेस गरि नेपाल र छिमेकि राष्ट्र भारत र अन्य मुलुकमा भयका हाम्रा नागरिकहरुलाई सरकारले आफ्नो देशमा क्रमश ल्यार यो देशमा पछिल्लो चोटि खस्कदै गयको अर्थतन्त्र र अस्त व्यस्तको भिडबाट नागरिकलाई सुरक्षा र रोजगारिको जुन ब्यवस्था गर्न पर्ने अवस्था छ यो नीतितथा कार्यक्रमले यहा बोलेको छ जस्तो मलाई लाग्छ र बोलेको छ यतिमात्र होईन अहिले हामि यो देशमा रोगरसँग लडिरहेको बेला हामिले छिमेकि राष्ट्र भारतले हाम्रो सिमाना पटक पटक आक्रमण गर्ने र हाम्रो देशको सिमा पटक पटक यउटा हमाला गर्ने जुन प्रक्रिया छ यसैले हामिले त्यहा पनि हाम्रो यउटा लडाईको अवस्था देखिन्छ र अहिले हाम्रो सरकारले बिशेस त तपाईको कालापानि लिम्मपियाधुरा लिपुलेक लाई बिशेस यउटा आर्थिक क्षेत्रको घोषणा गरेर त्यो सँगै जोडियका सिमानाहरुलाई सिमा सुरक्षा र बिकासका कामहरुलाई जोडेर हामि ले गर्नुपर्छ भण्ने कुरा यहा देखियको छ र कालापानि, लिम्पियाधुरा र लिपुलेकलाई बिशेस गरि यसले यउटा महत्व दियको छ यसको निम्ति म सरकारलाई माननीय सभामुख मार्फत म धन्यवाद दिन चाहन्छु दोस्रो कुरा कर्णालि चिसापानि देखि गड्डाचौकिसम्मको राजमार्गको स्तरउन्नति संघिय सरकारसँग समन्वय गर्ने भन्ने कुरा छ यसको अर्को बुदामा हामिले औद्यौगिक करिडोर बनाउने भन्ने कुरा छ म यो बिचमा चिसापानि देखि गड्डाचौकिको जुन राजमार्ग छ हामिले ४ लेनको बनाउने नेपाल सरकारले पनि घोषणा गरेको यो सँगै हामिले

बिशेस गरि औद्योगिक करिडोर चिसापानि देखि लियर गङ्गाचौकिसम्म यसको नामाकरण गर्न पायो भने अझै राम्रो हुन्थ्यो किनकि हामिले औद्योगिक क्षेत्र घोषणा गरिरहेका छौउ रबेतकोट नगरपालिकामा हामिले औद्योगिक क्षेत्र र तपाईको गोदावरि नगरपालिकाको हरैयामा बिशेस आर्थिक क्षेत्र र अन्य गङ्गाचौकि कुन्द्र मा हामिले  यउटा घोषणा गरेको हुनाले यसलाई औद्योगिक करिडोरको मा राख्न पाय अझै राम्रो हुन्थ्यो भन्न म चाहान्छु दोस्रो कुरा ५६ न. मा जो नयाँ जन्मेको लागि  बालिकाको सुनौलो भविष्यको लागि बिमा कार्यक्रम छ यो अहिलेको लागि महत्वपुर्ण कार्यक्रम छ आज आम नागरिक बिमाको माध्यमा बिस्तारै बिस्तारै यउटा क्रमिक रुपमा परिवर्तन भयको बेलामा हाम्रो प्रदेशमा जन्मने नानिहरुको  जो बिमा कार्यक्रम छ लागि राम्रो कार्यक्रम छ यले अहिलेको सुरक्षालाई र  उसकोलालन पालन र पोष्णको लागि पनिठुलो महत्व लिन्छ भन्ने कुरा यो कार्यक्रमले महत्वपुर्न भुमिका खेलेको छ रोगबाट वचौ भोकबाट बचाऔ भन्ने मुख्यमन्त्रि यकिकृत नस्ति बिकास भन्ने कार्यक्रम हाम्रो ९ वटै जिल्लाहरुमा बिशेस गाउ र केहि नगरपालिकाले केहि त्यस्तो गार र ठाउलाई नमुना योग्य शहरको लागि जुन घोषणा भयको छ यो यकदमै राम्रो छ प्रदेशको बिकास तथा सहयोग पुग्ने मुख्यमन्त्रि स्वयमसेवक कार्यक्रम भनेको बिपत नियन्त्रण कार्यक्रम छ अहिलेको यो  बिषमपरिस्थितिमा पनि बिशेस भुमिका छ यसले यउटा अझै अधिकार क्षेत्रलाई अगाडि बढाउने हो भने यले अहिले भुमिकामा कार्यक्रम महत्वपुर्ण छ भन्ने कुरा म राख्न चाहान्छु र अर्को कुरा जलस्रोत बहुउपयोग गर्ने नीति संघिय सरकार सँग समन्वय गरि सिचाई जलबिद्युत तथा यातायात र नीतिका कार्यक्रम यहा जोडियको छ त्यसैले हाम्रो जल बिद्युत र पानीमा सबैभन्दा अगाडि छ र अहिले त्यो अगाडि बढिरहेको छ र हामिले पटक पटक सरकारले यसलाई समन्वय सहकार्य गरेर बिशेस गरेर कर्णालि देखि लियर तपाईको महाकालि जति तपाईको यो पनि बगिरहेको छ यो यउटा दिर्घायु बिकास सँग जोडेर अगाडि बढाउन खोज्दै छ यो सँगै यहाको जलबिद्युत र यहाकोजोडियकोले यो महत्वपुर्ण छ भन्न चाहान्छु प्रदेश लगानिमैत्रि बातावरण सिर्जना हामिले केहि समय अगाडि बित्तिय आयोग गरेका छौ र योअहिलेको अवस्थामा लगानि मैत्रि कार्यक्रम भनेको यकदम राम्रो कार्यक्रम छ यउटै सृष्टि समान दृष्टि मुल नारा सहित महिला हिंसा छाउपडि तथा बोक्सि प्रथा जातिय बिभेद उन्मुलन सामाजिक भेदभआव अभियान सञ्चालन गरिने भन्ने छ कि यो हामि शान्ती सुरक्षा कुरिति बिरुद्ध हामिले लड्नुपर्ने अवस्था छ यले पटक पटक यो बुदाहरु छोयको छ र बिगतमा पनि हामिले ल्यायका छौ त्यले गर्दा अहिलेको हाम्रो समाज कहातिर गैरहेको छ कसरि अगाडि बढ्दै छ हाम्रो समाजलाई कसरि हामि अगाडि बढाउनका निम्ति त्यसको पहिलो चेतनाको यउटा कमि भाको छ यसलाई रुपान्तरित गर्नको निम्ति बिभिन्न् माध्यहरुबाट अहिले पनि कार्यक्रम अगाडि बढेका छन यो कार्यक्रम पनि लाई महत्वपुर्ण दुरिहरुलाई पनि समाजका बिभेदका कुराहरुलाई पनि अन्त्य गर्ने छ कुराहरु म राख्न चाहान्छू र ८६ न. मा जनआन्दोलनका घाईते परिवार असहाय र अशक्त द्धन्द्व पिडितले गर्दा सिमान्तकृत जाति जनजाति यकल महिला बेरोजगार र बिपन्न बर्गलाई भनेर सायद मलाई लाग्छ यो यकदम

महत्वपुर्ण कुरा छ जसको धरातलमा आज यो पार्टि उभियको छ र जसको यजेण्डा लियको छ जुन बर्ग ले यहा पुर्यायको छ बिशेश गरेर यो देशका भयका आन्दोलनका क्रममा थुप्रै घाईते अपाङ्ग साथिहरुले पनि आफ्नो रगत बगायका छन र थुप्रै मान्छेहरु सहिद भयका छन सायद यो सदनमा पुर्याउन माननीय सभामुख महोदय, आज थुप्रै मान्छेले आप्नो जिवनको दान गरेका छन धेरै मान्छे अंगभंग छन धेरै मान्छे घाईते छन अपाङ्गछन सायद यो बुदाले धेरैलाई  छोयको छ सायद परिवर्तनमा मुख्य यजेण।डमा भनेको कुराहरु यले अगाडि बढायको छ नेपाल सरकारको संघिय भुमि ब्यवस्था कानुन प्रदेश भुमि उपयोगो नीति भन्ने कुरो सायद यले अहिले हामिले चुनावको बेलामा भनेको कुराहरु अनिवार्य हामि आम जनतालाई जो सँग भुमि छैन जो सँह लालपुर्जा छैन आज त्यो भुमिको यउटा बर्गिकरण गरेर हामि लालपुर्जाको दिने ब्यवस्थाको पाटो यले जोडेको छ साना तथा गरिव किसानलाई कृषि ऋण उपलब्ध गराउने कुराहरु सायद अहिले बिस्तारै हाम्रो देश र प्रदेशको नीतितथा कार्यक्रममा हामि लघुउद्यम र केहि मझौला खालका उद्योगलाई जोडेर केहि आयआर्जन मुलक किसानहरुले र स्वरोजगार बन्नका लागि युवाहरुले यउटा काम गर्नको निम्ति पनि यले महत्वपुर्ण भुमिका खेलेको छ प्रदेशको खाद्य तथा सुरक्षित गर्न नमुना गाउ आफै बनाउ यो भनेको अहिलेको बिशेस गरेर हामिसँग भोकमरि र रोगसँग लड्नुपर्ने यउटा चुनौति छ यले आफ्नो गाउ आफे बनाउ रर सायद अहिले रोजगारि मुख्यमन्त्रि स्वरोजगार कार्यक्रमहरु र तपाईहरु प्रधानमन्त्रि स्वरोजगार कार्यक्रमहरु आज प्रत्येक गाउहरुमा लागु दै छ यो ले गर्दा तपाईहरुको यहा भयको मुख्यमन्त्रि युवा स्वरोजगार कार्यक्रमले पनि अझै महत्वपुर्ण भुमिका खेल्ने छ भुमिहिन र ब्यवसायिक किसानलाई कृषि पेषामा सहयोग पुर्याउन भुमि बैंकको स्थापना गरिने बिद्यालय बाहिरका सवै बालबालिकाका लागि बिद्यालय शिक्षामा सुरक्षा गर्नका लागि बिद्यालयमा भर्नाका कार्यक्रमलगायत बिशेस कार्यक्रम सञ्चालन गरिने स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम ९ वटै जिल्लामा आधुनिक सुविधा युक्त प्रयोगशाला दक्ष मानव संसाधनको व्यवस्था गरिने मुख्यमन्त्रि जेष्ठ नागरिक कार्यक्रम यक बिद्यालय यक योग गुरु कार्यक्रम स्वस्थ युवा प्रदेशको खम्बा भन्ने नारा सहित मुख्यमन्त्रि दिईने खेलाडि कल्याणकारि कोष युवाहरुको सर्वाङ्गित बिकास गरि सम्बन्धित बिकास  निर्माणका लागि प्रादेशिक युवा नीति ल्याफने बिशेस गरि अहिले हाम्रो युवा जनशक्ति भनेको हाम्रो प्रदेशमा महत्वपुर्ण छ जो अहिले रोजगारिको लागि कतिपय खाडि मुलुक र कतिपय छिमेकि राष्ट्र भारतमा जानुपर्ने अवस्था छ अहिले त्यो बिस्तारै क्रमश यहा हाम्रो देशमा आईहेको छ र आईपनि हामिले ल्याई पनि राख्या छौ त्यसो हुदा हामि युवा लक्षित कार्यक्रमहरु बजेटमा यले ठुलो यउटा भुमिका सहित किटान भएर आउने छ भन्ने कुरा म  यहा राख्न चाहन्छु प्रदेशमा सञ्चालन रहेका र लघुजलबिद्युत आयोजना हरुको तथ्याङ्क जम्मा गरि आवश्यक सुधार्नका लागि स्थानिय तहसँग समन्वय गरिने र अहिले धेरै जसो पहाडि मुलुकहरुमा हाम्रो पहाडका जिल्लाहरुमा यस्तो अवस्था छ जहा तपाईहरु काठका पोलहरु लगायर यि लघुजलबिद्युतहरुको लाईन बिस्तार भयको छ सायद ठुलोहावाहुरि त्यसतो आयको बेलामा आईपनि राखेको छ त्यो सवै पुरै तपाईको

आगजनि हुने र तपाईको बिद्युत केहि दिनसम्म त अवरुद्ध हुने जुन खतरा छ यलाई बिस्तारै हामिले चाहि फलामको बिद्युतको पोलमा ल्याउनुपर्ने हुन्छ भन्दै म माननीय सभामुख महोदय, मार्फत युवा आर्थिक जुन नीति कार्यक्रम छ्च यसमा समर्थनन गर्दै बिदा हुन्छु हवस धन्यवाद

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, आ.ब. ०७७/०७८ को नीति तथा कार्यक्रमको छलफलमा हामि उपस्थित भएका छौ । सर्बप्रथम त कोरोना कहरको बिचबाट पनि जोखिम र चुनौति मोल्दै प्रदेश सरकारले जसरी नीति तथा कार्यक्रम यहाँ प्रस्तुत गरेको छ । म धेरै धन्यवाद दिन चाहान्छु यो महत्वपुर्ण घडिमा संवेदनशिल घडिमा यएदमै मेहेनत गरेर प्रदेश सरकारले नीति तथा कार्यक्रम ल्याको छ र माननीय सभामुख महोदय, मलाई एउटा रुख काट्नु छ भने ८ घन्टा दिईन्छ भने ४ घण्टा म बन्चरो तिखाने छु भनेर अब्राहम लिङ्कनले भन्नु भयको छ माननीय सभामुख महोदय, मारफत म यो गरिमाय सदनमा जसरि प्रदेश सरकारले ल्याको नीतितथा कार्यक्रम हामिले २५३ वटा बुदामा हामिले समिक्षा सहित यो आ.ब. भरिको गति प्रगतिसमेतलाई यहा दर्ज गरेर आयको छ यसमा यकदमै हामि खुसि ब्यक्त गर्न चाहान्छु हामि यकातिर बिश्व अर्थतन्त्र धरापमा परिरहेको छ नेपालि अर्थतन्त्रमा भारि गिरावट आयको छ यकातिर तेस्रो मुलुक देखि लियर छिमेकि राष्ट्र भआरतबाट आउने नेपालिहरुको पनि घुईचो लागिरहेको छ यकातिर प्रतिदिन ३ सय जनाको हाराहारिमा कोरोना पोजेटिभ देखिरहेको छ यो संवेदनशिल घडिमा जसरि प्रदेश सरकारले रोग बाट बचौ भोक बाट जोगाऔ भन्ने नाराका साथ यो प्रदेश सरकारले ल्यायको नीति कार्यक्रम यकदमै संराहनिय छ थुप्रै माननीय ज्युहरुले प्रस्तुत गर्नुभयको छ र मैले पननि यो नीतितथा कार्यक्रमको पुर्ण सफलता र पुर्ण सहमति दिय र मलाई  लाग्छ अहिलेको नीतितथा कार्यक्रममा हामिले थुप्रै कुरा लेखेका छौ यलाई कार्यान्वयन गर्नाकालागि हामि सवैले सर्बप्रथम यो बजेटकोप्रगति भनेको कोरोना सँगको लडाईमा हामि सफल हुने कुरा पनि महत्वपुर्ण रहेको छ र  अर्को कुरा प्रदेश सरकारले आप्नो ५ ब्रषे कार्यकालमा थुप्रै गौरवका योजनाहरु प्रदेश सरकारको प्रदेशका जनताको भाग्य को कुरा यहा गरिबिको कुरा यहाको भोकमारिको कुरा यहाको आर्थिक परनिर्भरताको कुरालाई कम गर्नाका लागि यसको अन्त्य गर्नाको लागि पनि यहा थुप्रै कुरा लेखियका छन यो कुरा जति हामिले लिखुबद्द गरेमा छौ जस्तै लिपुलेक, लिम्पियाधुरा , कालापानी क्षेत्रका ब्यास गाउपालिकाका लागि बिशेस कार्यक्रमका रुपमा प्याकेजका रुपमा अब बजेटमा आउने छ हामिले त्यो  पनि आशा गरेका छौ धन्यवाद दिन चाहान्छौ सिमा नाकामा सयौ बर्ष देखि हाम्रा नेपालिहरु यकदमै पिडा भोगिरहेका छन समस्यमा परिरहेका छन यसको पनि यो नीतितथा कार्यक्रममा यकादमै लेखियको छ यसको पनि कार्यन्वयन हुनेछ हामि आशामाछौ र यसै गरि मलाई यकदमै के भन्न मन लागेको छ भने थप हुनत यहा लेखियको छ मानव संसाधन र सुबिधासम्पन्न अस्पताल बिशिष्ट अस्पताल जिल्ला अस्पताललाई बनाउने छ तर म माननीय सभामुख महोदय, मार्फत के भन्न

चाहान्छु भने हिमालि जिल्ला बझाङ, दार्चुला को हकमा र पहाडि जिल्ला बैतडि, डोटि, अछाम र को सन्दर्भमा दुर्गम गाउपालिकाहरु यदि कोरोना जनता कतै संक्रमण भेटियछ भने अस्पतालामा ल्याउने सडक सञ्जाल नभयका गाउपालिकाका हकमा यथाशिघ्र यो नीतिमै राखेर कम्तिमा सय सैयाको अस्पताल निर्माण गर्नाका लागि यो नीतिमा व्यवस्था हुनुपर्छ माननीय सभामुख महोदय, हाम्रो यो  संकटको घडिमा गदाहरणका लागि म के भन्न चाहान्छु भने बझाङ जिल्लाको सैपाल गाउपालिकाको मान्छेलाई यदि जिल्ला अस्पताल ल्याउनका लागि सडक सञ्जाल नै छैन यदि कोरोना संक्रमितले यकदमै गम्भिर अवस्थामा आयो भने कसरि हामिले उद्धार गर्ने कसरि सहाहरुको उपचार गर्ने सेति अञ्चल अस्पतालमा कार्यरतमानौ सेति अञ्चल अस्पताल अथवा प्रादेशिक अस्पतालमा हामिले ब्यवस्थापन गर्न सकि राख्या छैनौ भने हिमालि जिल्लाको यकदमै सामुदायिक ईकाईहरु छन अ.हे.ब हरु हुनुहन्न बर्थिङ सेन्टर छन अ.न.मि हरु हुनुहुन्न पर्याप्त त्यस्तो बिडम्बना छ पहाडि जिल्लामा त्यसैकारणले म माननीय सभामुख महोदय, मार्फत नीतिमै ब्यवस्था होस बझाङ जिल्लामा एम.बि.बि.एस. डक्टरको धेरै खडेरि छ माननीय सभामुख महोदय, यो कुरा पनि यहा नीतिमै प्रष्ट लेख्न जरुरि छ र यो क्वारेन्टाईनको व।यवस।तापन भन्ने कुरालाई अलि परिमार्जन गरेर त्यलाई कसरि हुन्छ यो नीतिमा राख्न जरुरि छ अहिलेको देख्दा सानो भय पनि यकदम जोखिम मोल्ने अवस्था भनेको यतातिर देखियको छ र यो आर्तिक रुपमा आत्मनिर्भर बनाउनका लागि बितरण मुखि पुजि नभएर उत्पादन मुखि पुजि बनाउनका लागि हामिले जुन कुरा यो भन्दा अगाडि भन्दै आयका थियौ प्रदेश सभामा माननीय सभामुख महोदय, यो कोरोनले गर्दा मानविय बिकासलाई यकदमै ध्यान दिनुपर्ने परिस्थिति मा कोरोनाले पनि सहयोग गरेको मैले देखेको छु माननीय सभामुख महोदय, यो भन्दा अगाडि हाम्रा धेरै कुरा भौतिक पुर्वाधार तिर जोड भएर जान्थे तर मानविय संवेदनशिलतालाई अलि साईडमा लियको थियो यो कोभिड १९ ले जुन महामारि फेलियको छ यले अझ शिर्षस्थानमा राख्नुपर्छ यहाको गरिबिलाई नीतिगत व्यवस्ता गर्नुपर्छ यहाको बेरोजगारितालाई हामि न्युनतम यो बर्ष २५% ले बृदि गर्ने छौ भन्ने पनि यहा लेखियो भने पनि त्यो आधारमा हाम्रो गति अझ घगाडि बढ्न सक्थ्यो भन्ने कुरा म यहा राख्न चाहान्छु अर्को कुरा हामिले धेरै बर्ष सदनमा यो नीतितथा कार्यक्रम आउदा प्याकेजमा कार्यक्रम भन्ने कुरा प्रत्येक बर्ष बोलिरहेका छौ यो महिलाहरुको सन्दर्बमा पनि बोलेका छौ गरिव अल्पसङ्ख्यक, बिपन्न लोपोउन्मुख सिमान्तकृत सवैको बारेमा हामिले यसरि बोलिरहेका छौ तर कार्यन्वयनको अवस्ता हेर्दा लक्षित बर्गको बजेट दिगो बिकासका बजेट सँग सम्दबन्धित अलि कमृ भयको देखिन्छ त्यतातिर उत्तरदायि अलिकमै भयको देखिन्छ समग्र बजेटको प्रतिशतमा हेर्दा यकदमै न्युन त्यो क्षेत्रका लागि बजेट बिनियोजन भयको देखिन्छ माननीय सभामुख महोदय, मारफत म यो गरिमाय सदनलाई र प्रदेश सरकारलाई म के अनुरोध गर्न चाहान्छु भने बरु यउटा गाउपालिकामा लियोस प्रदेश भरि यउटा जिल्लालाई छनोट गरियोस प्याकेजमा ५ करोड, १० करोड अलि देखिने तरिकाले अबको ढाई बर्षपछि त्यले कुनै न कुनै तपाईको प्रगति देखाउने तरिकाले त्यतातिर पनि नीतितथा कार्यक्रममा

व्यवस्थापन गर्नका लागि म अनुरोध गर्न चाहान्छुर सिमा नाका व्यवस्थित गर्ने कुरा अनु गयर औषधि उद्योगसञ्चालन गर्ने कुरा सकिन्छ भने नीतितथा कार्यक्रमा औषधि उत्पादनका लागि प्रदेश सरकारले यो व्यवस्था समावेश गर्नाका लागि पनि म अनुरोध ग्रन चाहान्छु थुप्रै ब्यवस्ताहरु यहा नमुना गाउ आफै बनाउ मेरो बिशेस्ज्ञता आफ्नै प्रदेशकालागि भन्ने कुरा पनि आयको छ र नयाँ आर्थिक बर्ष साउन देखि जन्मने नया बालिकाका लागि जिबन बिमा यि बिषयहरु यकदमै स्वागत योग्य छन सराहनिय छन तर यसको कार्यान्वयन पक्ष पनि अहिले देखि नै बजेट पास भयको १ हप्ता भित्र नै त्यसको कार्यबिधि निर्देशिका केके बनाउनुपर्ने हो अहिले देखि नै सुरु गरेर यो कार्यन्वयनमा लैजानुपर्छ र यो संकटको घडिमा सबैले बिकास निर्माण उत्पादन देखिलियर कोरोना बिरुद्ध लड्नाकालागि पनि हामिले यकजुट भएर यो नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्नका लागि प्रदेश सरकार लाग्ने छ भन्ने पुर्न आशा गर्न चाहान्छु माननीय सभामुख महोदय, मार्फत हाम्रो जिल्लामा यसैसँग मैले जोडिहाले आवश्यककिटहरु नभएर क्वारेन्टाईनमा बस्नेको अझै परिक्षण हुन बाकि रहेको छ म माननीय सभामुख महोदय, मार्फत सामाजिक बिकास मन्त्रालयलाई पनि म अनुरोध गर्न चाहान्छु बझाङ जिल्लामा जति क्वारेन्टाईनमा छन उहाहरुलाइ यथाशिघ्र तपाईको किटको व्यवस्था गरि कोरोना परिक्षणको लागि सजिलो बातावरण सिर्जना गर्नका लागि पनि अनुरोध गर्न चाहान्छु किनकि बझाङ जिल्लामा अहिले यकदमै त्यहाको आवश्यकता अनुसार किटहरुको व्यवस्था भयको छैन अब डक्टरहरुसँग समन्वय गर्दा त्यो जनगुनासो आएको हुनाले गर्दा मैले यो कुरा ब्यक्त गर्न खोजे र अन्तमा यो नीति तथा कार्यक्रम एकदमै राम्रो छ । यसलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने वित्तीकै प्रदेश सभाको सफलता हुने छ । यसमा हामि कार्यान्वयनका लागि र यो नीति कार्यक्रमक कार्यन्वयनका लागि सत्ता पक्ष नभनि प्रति पक्ष नभनि हामि सवै यक जुट भएर लाग्ने छौ र हाम्रा गत आर्थिक बर्ष चालु बर्षमा जुन हामिले कार्यान्वयन गर्न सकेका छैनौ ठुल्ठुला योजनाहरु तिनलाई पनि हामिले यसमा केन्द्रित गरेर लैजानने छौ र अर्को कुरा हामिले ०७४/०७५ देखि ०७५/७६ देखि डिपियार भयका योजनाहरु जहा हाम्रो खर्च भयको छ त्यसका लागि पनि हामिले के गर्न सक्छौ यसैमार्फत सम्बोधन गर्नाका लागो कसरि समेट्न सकिन्छ यतातिर लैजानका लागि प्रदेस सरकार लाग्ने छ भन्दै यो नीतितथा कार्यक्रमको पुर्न समर्थन गर्दै बिदा हुन्छु धन्यवाद

**१०. माननीय सदस्यहरु**

प्रदेश सरकारको आ.व.२०७७०७८ को नीति तथा कार्यक्रम माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ। बाँकी छलफल मिति २०७७ साल जेष्ठ २२ गते बिहीबार बिहान ८.००बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु।